अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १२ / २०८३ असोज २३ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Oct. 9, 2026 / मूल्य रु. १०/-

## सरकार अदालत हुन खोज्नु अर्को अपराध हो

काठमाडौ । २०८२ भाद्र २३ गतेको जेनजीहरुको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यमा सलग्न भएकाहरुलाई आन्दोलनमा सहभागि भएकै कारण मुद्दा चलाउन नहुने भन्दै तत्कालिन प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको सरकारले २०८२ मंसिर २४ गते जेनजीहरुसँग १० बुँदे सहमति गरेको थियो । त्यसमा भाद्र २३ र २४ गते भएको आन्दोलनसँग सम्बन्धित राजनीतक विरोधको गतिविधिमा सहभागि भएकै कारण कसैउपर फौजदारी अनुसन्धान वा अभियोग नलगाइने उल्लेख गरिएको थियो ।

सम्झौतामा केही व्यक्तिको ज्यान मार्ने कसुर वा संगठित रूपमा कुनै अपराधिक गिरोहद्वारा भएको हुन सक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएपछि प्रतिवेदन अनुसार हुने गरी सम्बन्धित व्यक्तिलाई हिरासत वा थुनामुक्त गर्न सम्बन्धित व्यक्तिविरूद्ध दायर भएका मुद्दा

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## गम्भीर फौजदारी अभियोगका मुद्दा फिर्ता लिन नमिल्ने

काठमाडौं । २०८२ भाद्र २३ गते भएको जेनजीहरुको विरोध प्रदर्शनमा सहभागि भएकाहरुमाथि लगाइएको फौजदारी मुद्दा फिर्ता लिन सकिने नसकिने अध्ययन गरी सरकारलाई सिफारिस गर्न गठन गरिएको समितिले २०८२ भाद्र २४ गतेको विध्वसमा संलग्न भएको आरोपमा पक्राउ परेका अधिकांशको मुद्दा फिर्ता लिन नसकिने राय सरकारलाई दिएको छ । अधिकतम प्रतिवादीको मुद्दा फिर्ता लिन सकिने गरी प्रतिवेदन तयार पार्न सरकारको दवाव रहेपनि समितिले बढीमा ३ सय जनाको मात्र मुद्दा फिर्ता लिन सकिने राय सरकारलाई दिएको छ ।

उच्च अदालतका पूर्वन्यायाधिश बाबुराम रेग्मीको नेतृत्वको समितिले जेनजी आन्दोलनसँग सम्बन्धित ४ सय ४५ मुद्दाका १ हजार ७ सय ७८ प्रतिवादी मध्येका ३ सयको मात्र मुद्दा फिर्ता लिन सकिने तर बाँकी प्रतिवादीहरु

>>> बाँकी ८ पेजमा

## आफैं पक्राउ पर्ने डरले अनुसन्धान नै भएन ?

काठमाडौ । रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्रीमा २०८२ चैत्र १३ गते नियुक्त भएका थिए । आफू प्रधानमन्त्रीमा नियुक्त भएकै दिन मन्त्रिपरिषद्को पहिलो बैठक राखेर उनले नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय नै गराए । २०८२ भाद्र २३ गतेको जेनजीहरुको विरोध प्रदर्शनमा गोली चलाउने आदेश तत्कालिन प्रधानमन्त्री ओली र तत्कालिन गृहमन्त्री लेखकले दिएको आरोपमा उनीहरुलाई मध्यरातमा पक्राउ गरियो ।

बालेन सरकारले पक्राउ गर्ने आदेश दिएपछि उनीहरु पक्राउ परे । तर पक्राउ परेको १३ दिनसम्मा पनि उनीहरूलाई पक्राउ गर्नुपर्ने कारण अदालतलाई दिन नसकेको हुनाले ओली लेखक रिहा भए । सो दिनदेखि

>>> बाँकी ८ पेजमा

# स्टाटसमा गलत भाष्य प्रयोग गरेर केही समय जनतालाई झुक्याउन सकिन्छ

## तर सँधैभरीका लागि होइन भन्ने हेक्का रहोस् बालेन सरकार !

देवेन्द्र चुडाल



काठमाडौ । २०८२भाद्र २३ गते भएको जेनजीहरुको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि संविधान विपरित प्रतिनिधिसभा विघटन गरी सर्बोच्च अदालतकी पूर्वप्रधानन्यायाधिश सुशिला कार्की नेतृत्वको सरकार गठन गर्नुको परिणाम विस्तारै सार्वजनिक हुन थालेका छन् । कार्की नेतृत्वको सरकारको पहिलो निर्णय नै संसद विघटन गरेर २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने भयो ।

भाद्र २३ गतेको जेनजीहरुको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यका प्रभावले रास्वपाले प्रतिनिधिसभाको २ सय ७५ सिटमध्ये १ सय ८२ सिटमा जित हाँसिल गरेको थियो । प्रत्यक्ष निर्वाचनतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सिटको व्यवस्था संविधानले गरेकोमा रास्वपाले प्रत्यक्ष र समानुपातिकमा गरी १ सय ८२ सिटमा जित हाँसिल गरेको थियो ।

फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीले नराम्रोसँग पराजित हुनु परेको भएपनि उनीहरु नगन्य संख्यामा संसदमा उपस्थित भएका छन् भने मधेशवादी दलहरुको उपस्थिति प्रतिनिधिसभामा शुन्य रहेको छ । विघटित प्रतिनिधिसभामा पाचौ ठुलो पार्टी रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्ष तर्फ १ सिट र समानुपातिकतर्फ ४ सिट पाएको थियो भने श्रम संस्कृत्ति पार्टीले पहिलो पटक संसदमा उपस्थिति जनाएको छ ।

निर्वाचनको बेला रास्वपाले भाद्र २३ को जेनजीहरुको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने हामी नेपाली नामक संस्थाका अध्यक्ष सुधन गुरूङसहित काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साहलगायतका र उनको टिमको व्यक्तिहरूलाई रास्वपामा प्रवेश मात्र गराएन बालेन साहलाई प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि सारेर बालेनलाई चुनावी दौडमा पठाएको थियो । बालेन साह भाद्र २३ र २४ गते संसद विघटन र सुशिला कार्कीलाई प्रधानमन्त्री बनाउने भूमिकामा रहेका थिए । त्यही कारणले गर्दा त्यसबेला बालेनका मुलुकभरमै चर्चा भएको थियो ।

रास्वपाले बालेनलाई भावी

>>> बाँकी ८ पेजमा

## देउवा पक्षमा रहेका नेताहरूले अब के गर्लान् ?

काठमाडौ । मुलुककै सबैभन्दा पुरानो पार्टी नेपाली कांग्रेसले आफ्नो १५ औँ महाधिवेशन सम्पन्न गरेको छ । नेपाली कांग्रेस पटक पटक विभाजित हुँदै पुन एक हुँदै आएकोमा यस पटक १४ औँ महाधिवेशनबाट सभापति बनेका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा लगायत विपी कोइराला परिवारका सुजाता कोइराला बाहेकका कसैले पनि गगन थापा नेतृत्वको महाधिवेशनमा भाग लिएनन् ।

२०८२ भाद्र २३ गते भएको जेनजीहरुको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि पुराना भनिएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु र दलका शिर्ष नेताहरुका निजी निवास खोजी खोजी आगजनी गरिएका थिए भने देउवालाई निजकै घरमै गएर कुटपिट समेत गरिएको थियो ।

पूर्व सभापति देउवा दम्पत्ति लामो समयसम्म विदेशमा उपचार गराएर त्यही बसेकाकोमा देउवा मात्र स्वदेश फर्किएका छन् भने उनकी श्रीमती आरजु देउवा अहिलेपनि विदेशमै रहेकी छन् । देउवा विदेशमा नै रहेका बेला कांग्रेसका तत्कालिन महामन्त्री गगन थापासहितका व्यक्तिहरुले विद्रोह गरी विशेष महाधिवशन गर्दै गगन थापालाई सभापति बनाएका थिए । अहिले थापाकै नेतृत्वमा १५ महाधिवेशन भएको छ भने देउवा सहित देउवा पक्षका र अर्का नेता शेखर

>>> बाँकी ६ पेजमा

## लोकतन्त्र नै संकटमा पर्न सक्ने सम्भावना बढ्दो

काठमाडौं । कांग्रेसका सभापति गगन थापाले पार्टीको १५ औं महाधिवेशनमा प्रस्तुत गरेको आफ्नो प्रतिवेदनमा निर्वाचन पूर्व गठबन्धन निषेध र दुई पटक मात्र प्रधानमन्त्री बन्न पाउने गरी महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गरेका छन् । सो प्रतिवेदनमा राजनीतिक संस्कार, संगठन, अर्थतन्त्र, रोजगारी, निजी क्षेत्र युवा प्रविधि, सामाजिक सुरक्षा, संघीयता र सुशासनमा एकै पटक परिवर्तन गर्नुपर्नेमा जोड दिएको आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् । पार्टीको १५ औं महाधिवेशनमा उल्लेख गरिएका कतिपय विषयहरु स्वागतयोग्य भएपनि नेपाली कांग्रेस नै विभाजनको अवस्थामा रहेकाले सभापतिले उल्लेख गरेका विषयहरु लागू हुनेमा आशंका रहेको छ ।

पछिल्लो समयमा पुराना दलहरु भित्र व्यापक असन्तुष्टि रहेको बेला नेपाली कांग्रेस १५ औँ महाधिवेशन सम्पन्न भएको भएपनि पूर्व सभापति शेरबहादुर देउवा पक्ष महाधिवेशनमा सहभागि नभएकाले गर्दा सभापति गगन थापाले प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन लागू हुनेमा आशंका रहेको छ । कांग्रेसले लोकतन्त्र नै संकटमा परेको बताइरहँदा सत्ताधारी दल रास्वपाका सभापति रवि लामिछानेले कांग्रेसको महाधिवेशनलाई सम्बोधन गर्दै लोकतन्त्रको बारेमा चिन्ता नलिन आग्रह गरेकाले केही शंका उत्पन्न भएको छ ।

रास्वपा नेतृत्वको बालेन सरकारले लोकतान्त्रिक प्रक्रिया बाहिर गएर सरकार सञ्चालन गरिरहेको अवस्थामा भने पार्टी सभापतिले नै लोकतन्त्रका बारेमा चिन्ता नलिन र लोकतन्त्रलाई जनताले बचाउने भन्दै सरकारको फेस सेभिङ अर्थात सरकारको बचाउ गरेका छन् । कांग्रेसको १५ औं महाधिवेशनलाई नेकपाका संयोजक पुष्पकमल दाहाल, एमालेका महासचिव शंकर पोखरेललगायतका अन्य दलका नेताहरूले सम्बोधन गरेका थिए तर कांग्रेसकै सभापति शेरबहादुर देउवा कार्यवहाक सभापति पूर्ण बहादुर खड्का, पूर्व महामन्त्री शशांक कोइराललगायत शेखर कोइराला, पूर्व केन्द्रीय सदस्यहरु लगायत ठुलो संख्याका प्रभावशाली नेताहरु नै महाधिवेशनमा सहभागि नभएकाले

>>> बाँकी ८ पेजमा

# निजी क्षेत्रका स्वार्थीहरूको स्वार्थका लागि साल्ट ट्रेडिङ्गलाई जरिवाना

काठमाडौं । सरकारले अनुगमनका नाममा असोज १५ गते साल्ट ट्रेडिङ कर्पोरेशनलाई ३ लाख रूपैयाँ जरिवाना तोकेसँगै विषय विवादमा तानिएको छ।

ग्यास व्यवसायीले ग्यासको सहज आपूर्ति नगरेर निवर्तमान मन्त्री गौरीकुमारी यादवले राजीनामा नै दिनुपर्ने अवस्था सिर्जना गरेपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बनेका दीपक कुमार साहले निजी क्षेत्रका व्यवसायीले ग्यास, चिनीलगायत अत्यावश्यक वस्तु लुकाएर बजारमा कृतिम अभाव सिर्जना गरिरहेको विषयमा निगरानी बढाउनुपर्नेमा उल्टो उपभोक्तालाई थोरै भए पनि भरथेग गरिरहेको साल्ट ट्रेडिङ कर्पोरेशनलाई तारो बनाएपछि यो विषय पेचिलो बन्दै गएको छ ।

समस्या एकातिर तर वाणिज्य विभागमार्फत जनतालाई राहत दिइरहेको सरकारी संस्थानमा अनुगमन गरेर जरिवानाको कैफियतपूर्ण पत्र काटेपछि उक्त विषय विवादमा तानिएको हो। उपभोक्ता हित संरक्षण विभागमा पर्याप्त जनशक्ति हुँदाहुँदै निजी क्षेत्रका चार्टर एकाउन्टेनलाई मन्त्रीले नै बोलाएर साल्ट ट्रेडिङ्मा अनुगमन गर्न पठाएको विषयले अहिले चर्चा पाएको छ । के विभागसँग अनुगमन गर्न सक्ने सक्षम कर्मचारीहरु नै थिएनन् र ? कर्मचारी बाहेकका व्यक्तिलाई प्रयोग गरेर कर्पोरेशनलाई जरिवाना गराएको रहस्य खुलेको छ ।

कालोबजारी गर्ने व्यवसायी तर अनुगमन तथा जरिवाना भने अभावमा पनि ग्यास, चिनीलगायतका वस्तु उपलब्ध गराइरहेको सरकारी संस्थानलाई जरिवाना गरिनुले मन्त्रीको प्राथमिकता छर्लङ्ग भएको टिप्पणी हुनथालेको छ। यसलाई 'निजी क्षेत्रका व्यवसायीको इन्ट्रेस्टमा सरकारी संस्थानमा अनुगमन गरिएको' रूपमा उपभोक्ता अधिकारकर्मीहरुले बताएका छन्।

'निजी क्षेत्रका व्यवसायीले ग्यासमा कालोबजारी गरिरहेका छन्,' बाढी पहिरोलाई देखाएर चिनीको मूल्य १६५ सम्म पुऱ्याएका छन् । अझै महंगो बनाउन लुकाइरहेका छन्,' उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले भने, 'सरकारको अनुगमन भने सरकारी संस्थानमै

>>> बाँकी ८ पेजमा

## बालेन सरकार संसदप्रति उत्तरदायी देखिएन

काठमाडौं । संविधानसभाबाट निर्माण गरी लागु भएको नेपालको संविधान २०७२ ले संसद भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभालाई जनाउँछ भन्ने उल्लेख गरिएको भएपनि २०८२ चैत्र १३ गते गठन भएको रास्वपा नेतृत्वको बालेन सरकारले राष्ट्रियसभालाई उपेक्षा गर्दै आएको खुलेको छ । त्यसको एउटै कारण हो २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत जितेको छ ।

प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी २ सय ७५ सांसद रहने व्यवस्था गरेको छ । जस्मा प्रत्यक्ष निर्वाचनबाट १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सदस्य रहने व्यवस्था गरेकोमा रास्वपाले प्रत्यक्ष र समानुपातिक गरी १ सय ८२ सिटमा जित

>>> बाँकी ८ पेजमा

# The global AI race and the new economic order

**Dr Muhammad Bilal Tahir**

The global technology landscape is undergoing one of the most transformative shifts since the birth of the internet. Artificial intelligence (AI), once confined largely to experimental laboratories and chatbots, is now becoming the backbone of digital infrastructure, business operations, and public services.

From massive investments in AI data centers to the emergence of autonomous software agents, the technology sector is entering a new phase-one that will redefine economies, jobs, and geopolitical influence in the coming decade. In recent days, several developments in the global tech ecosystem have highlighted the accelerating pace of innovation and competition.

Major technology companies and startups alike are racing to secure the infrastructure, talent, and capital required to lead the next digital revolution. The stakes are enormous because the winners of this race will shape not only technological progress but also economic power in the 21st century.

One of the most significant trends in the technology sector is the intensifying race over AI infrastructure. Global demand for computing power has surged as companies deploy increasingly complex machine learning models. To meet this demand, firms are investing billions in data centers, cloud networks, and semiconductor manufacturing.

For instance, Nvidia recently committed billions to an AI cloud startup, reinforcing the backbone of the AI ecosystem and expanding worldwide computing capacity. This trend marks a major shift in innovation. The focus is no longer solely on software applications or platforms but on the physical and digital infrastructure that powers AI at scale-energy-intensive data centers, specialized chips, and global cloud systems.

Controlling this infrastructure has become a strategic advantage, comparable to how energy resources shaped global geopolitics in the twentieth century. A related development is the push by technology giants to design custom AI chips.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.

Companies like Meta are developing proprietary silicon to handle massive workloads efficiently, optimize recommendation engines, and power generative AI tools. This reflects vertical integration, where firms control every layer of the technology stack —from hardware to software to data. By owning their infrastructure, companies reduce costs, improve performance, and decrease reliance on external manufacturers. Globally, this shift may reshape the semiconductor industry and create opportunities for emerging players.

Beyond infrastructure, artificial intelligence is fundamentally transforming the nature of work. Technology leaders warn that AI could disrupt labour markets sooner than many governments anticipate. Automation powered by AI is already reshaping industries such as software development, finance, and customer service.

Software companies increasingly rely on AI tools that can write code, analyze data, and automate routine tasks. While these tools significantly boost productivity, they also raise challenging questions about employment and workforce skills.

Some firms have begun restructuring their teams to adapt, signalling a profound shift in the landscape of white-collar work. Simultaneously, venture capital continues to flow aggressively into AI startups. Robotics, cybersecurity, and AI-powered platforms are attracting record investment as investors bet on the next generation of technological breakthroughs.

Recently, an AI robotics startup secured hundreds of millions of dollars in funding, reflecting strong confidence in "embodied AI"-machines capable of interacting with the physical world. Yet, rapid AI growth also brings ethical and security concerns. Governments around the world are debating regulations on autonomous weapons, surveillance technologies, and data privacy. Policymakers face the difficult task of balancing innovation with citizen protection. For developing countries like Pakistan, the global AI race presents both opportunities and challenges. Pakistan has taken tangible steps to position itself in the digital economy. Initiatives under the Digital Pakistan Vision aim to expand high-speed internet connectivity, promote IT exports, and integrate AI and data science into education and industry. Startups in fintech, health tech, and e-commerce are leveraging AI to enhance services and reach underserved communities.

Pakistan's universities are increasingly offering specialized programs in AI, machine learning, and robotics to cultivate a skilled workforce capable of contributing to local and global technology markets. Public-private partnerships are fostering innovation hubs, incubation centers, and research programs, providing startups with mentorship, funding, and access to international markets. Yet challenges remain: limited infrastructure, slow adoption of high-end computing, and regulatory hurdles could hinder progress.

Policymakers, academia, and industry must collaborate to build robust technology ecosystems—supporting R&D, promoting entrepreneurship, investing in connectivity, and advancing digital literacy among youth. The world is entering a new industrial revolution-driven not by steam or electricity, but by data, algorithms, and intelligent machines. Countries that grasp this shift and invest wisely in technology will define the global economy. Pakistan, with sustained investment and policy support, has the potential not just to consume technology but to actively shape the AI-driven world.



The question is no longer whether artificial intelligence will transform our world. The real question is whether Pakistan will rise from the sidelines to become a hub of innovation rather than a mere consumer of technology. It is time for bold action: invest massively in AI research, forge global partnerships, empower startups with funding and infrastructure, and equip the next generation with digital and data skills.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.

# खस्कियो नेपालको आर्थिक स्वतन्त्रता सूचक

काठमाडौं । नेपालको आर्थिक स्वतन्त्रता सूचक खस्किएको छ । विश्व आर्थिक स्वतन्त्रताको सूचीमा नेपाल एक सय ६५ देशमध्ये ९०औँ स्थानमा झरेको हो । अघिल्लो वर्ष नेपाल ८९औँ स्थानमा रहेको थियो ।

समृद्धि फाउन्डेसनले क्यानडास्थित फ्रेजर इन्स्टिच्युटसँगको सहकार्यमा बुधबार सार्वजनिक गरेको 'विश्व आर्थिक स्वतन्त्रता : २०२६ वार्षिक प्रतिवेदन'अनुसार १० नम्बरको कुल सूचकांकमा नेपालले ६.५९ अंक प्राप्त गरेको छ । १ देखि १० सम्मको मापनमा १० अंकले उच्चतमस्तरको आर्थिक स्वतन्त्रतालाई जनाउँछ । सन् २०२५ को वरीयतामा नेपाल ६.५८ अंकसहित १६५ देशमध्ये ८९औँ स्थानमा रहेको थियो ।

वरीयतामा सामान्य गिरावट आए पनि मूल तथ्यांकले नेपालको आर्थिक स्वतन्त्रताको अंक कोभिड- १९ महामारीको अवधिमा आएको गिरावटबाट पूर्ण रूपमा सुधार भएको देखाउँछ । सन् २०१९ मा ६.५२ अंकसहित ९८औँ स्थानमा रहेको नेपालको सन् २०२० मा घटेर ६.३१ पुगेको थियो । त्यसवेला नेपाल १००औँ स्थानमा पुगेको थियो ।

आर्थिक स्वतन्त्रताका प्रमुख सूचकहरूमध्ये सरकारको आकार, कानुनी व्यवस्था, स्वस्थ मुद्रामा पहुँच, नियमनलगायतमा नेपालको अंक खस्किएको छ । अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता सूचकमा भने सुधार आएको छ । प्रतिवेदनमा अध्ययन गरिएका यी पाँच प्रमुख सूचकअन्तर्गतका २४ वटा उपसूचकहरूमध्ये नेपाल सातवटामा माथि उक्लिएको, ६ वटामा तल झरेको र ११ वटामा गत वर्षकै स्थानमा कायम रहेको छ ।

सरकारको आकार सूचकमा नेपाल अघिल्लो प्रतिवेदनको ४९औँ स्थान (७.२९ अंक) बाट घटेर ५१औँ स्थान (७.२५ अंकमा) आएको छ । त्यस्तै, कानुनी व्यवस्था तथा सम्पत्तिमाथिको अधिकारको सुरक्षा सूचकमा अघिल्लो प्रतिवेदनको ९१औँ स्थान (४.९२ अंक)बाट घटेर ९६औँ स्थान (४.८२ अंक)मा आएको छ । स्वस्थ मुद्रामा पहुँच सूचकमा नेपालको अंकमा वृद्धि भए पनि वरीयता ९६औँ स्थान (७.३७ अंक) बाट घटेर १०१औँ स्थान (७.५७ अंक) पुगेको हो । नियमन सूचकमा ३७औँ स्थान (७.१२ अंक) बाट घटेर ५०औँ स्थान (६.९० अंकमा आएको हो । अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता सूचकमा भने १२६औँ स्थान (६.२१ अंक)बाट बढेर ११७औँ स्थान (६.३९ अंक)मा पुगेको प्रतिवेदनमा उल्लेख छ ।

विश्व आर्थिक स्वतन्त्रता प्रतिवेदन फ्रेजर इन्स्टिच्युटले आर्थिक स्वतन्त्रता सञ्जालसँगको सहकार्यमा वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ । ती क्षेत्रहरूमा सरकारको आकार, कानुनी व्यवस्था तथा सम्पत्तिमाथिको अधिकारको सुरक्षा, स्वस्थ मुद्रामा पहुँच, अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता तथा नियमन रहेका छन् । समृद्धि फाउन्डेसन आर्थिक स्वतन्त्रता सञ्जालको सदस्य तथा नेपालमा यस प्रतिवेदनको सहप्रकाशक हो ।

प्रतिवेदनअनुसार विश्वभर सबैभन्दा उच्चस्तरको आर्थिक स्वतन्त्रता कायम गर्ने देशहरूको सूचीमा हङकङ पहिलो स्थानमा रहेको छ । त्यसपछि क्रमशः स्विट्जरल्यान्ड, सिंगापुर, न्युजिल्यान्ड, संयुक्तराज्य अमेरिका, आयरल्यान्ड, डेनमार्क, अस्ट्रेलिया र मौरिसस रहेका छन् । शीर्ष १० को अन्तिम स्थानमा फिनल्यान्ड, नेदरल्यान्ड्स र संयुक्त अधिराज्य समान वरियतामा रहेका छन् । जर्मनी १९औँ, जापान १३औँ, फ्रान्स ३९औँ, रूस १४३औँ, भारत ८८औँ र चीन ११०औँ स्थानमा रहेका छन् । सबैभन्दा कम वरीयतामा रहेका १० देशहरु प्रजातान्त्रिक गणतन्त्र कंगो, इजिप्ट, मलावी, अल्जेरिया, इरान, म्यानमार, लिबिया, सुडान, जिम्बाब्वे र अन्तिम स्थानमा भेनेजुएला रहेका छन् ।

उच्च स्तरको आर्थिक स्वतन्त्रता भएका देशमा बसोवास गर्ने मानिसहरूले बढी समृद्धि, बढी राजनीतिक तथा नागरिक स्वतन्त्रता र लामो आयु प्राप्त गर्ने प्रतिवेदनमा उल्लेख छ । उदाहरणका लागि, आर्थिक स्वतन्त्रताको उच्च स्थानमा रहेका देशहरु जस्तै संयुक्त अधिराज्य, जापान र आयरल्यान्डमा सन् २०२४ मा प्रतिव्यक्ति औसत आय ६५,५९६ अमेरिकी डलर रहेको थियो भने तल्लो सूचीमा रहेका देशहरु जस्तै भेनेजुएला, इरान र सुडानमा यस्तो आय ९,५५२ अमेरिकी डलर रहेको थियो । त्यसैगरी, आर्थिक स्वतन्त्रताको उच्च सूचीमा रहेका देशहरूको औसत आयु ८०.७ वर्ष रहेको छ भने तल्लो सूचीमा रहेका देशहरूको औसत आयु ६७.१ वर्ष रहेको छ ।

# २७ जलविद्युत आयोजनाको आरसिओडी थपियो

काठमाडौ । नेपाल विद्युत् प्राधिकरणले पहिलो चरणमा ५४०.४७ मेगावाट क्षमताका २७ जलविद्युत् आयोजनाको व्यावसायिक उत्पादन सुरू गर्ने मिति (आरसिओडी) थप गरेको छ। विद्युत् खरिद सम्झौता (पिपिए) गरिसकेका, तर निर्धारित समयभित्र आयोजना सम्पन्न गर्न नसकेका आयोजनाको वास्तविक अवस्था मूल्यांकन गरी प्राधिकरणले आरसिओडी थप गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले यसअघि जलविद्युत् प्रवर्द्धकहरूसँग सामूहिक छलफल गर्दै वास्तविक लगानीकर्तालाई सहजीकरण गर्ने सरकारको नीति रहेको बताएका थिए। प्राधिकरणले आयोजनाको भौतिक प्रगति, आरसिओडीको अवस्था र पिपिएअनुसार प्रवर्द्धकले पूरा गर्नुपर्ने दायित्वका आधारमा कुल २१८ आयोजनालाई 'क', 'ख', 'ग' र 'घ' गरी चार समूहमा वर्गीकरण गरेको थियो। सोही आधारमा आवश्यक कागजात र प्रमाण पेस गरेका 'क' र 'ख' समूहका आयोजनाको आरसिओडी थप गर्ने प्रक्रिया अघि बढेको हो।

गत असार ३२ गते बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले पहिलोपटक स्पष्ट मापदण्डसहित आयोजना वर्गीकरण गर्ने निर्णय गरेको थियो। 'क' समूहमा आवश्यक आधारभूत दायित्व पूरा गरेका तथा 'ख' समूहमा प्राधिकरणका कारण प्रसारण संरचना निर्माणमा ढिलाइ, काबुबाहिरको परिस्थिति वा कम्तीमा २५ प्रतिशत भौतिक प्रगति हासिल गरेका आयोजना समेटिएका छन्।

प्राधिकरणका अनुसार हाल ८ हजार २९२ मेगावाट क्षमताका ३२० जलविद्युत् आयोजना निर्माणका विभिन्न चरणमा छन्। तीमध्ये 'क' समूहमा ४ हजार ४९१ मेगावाट क्षमताका १५० र 'ख' समूहमा १ हजार ४२० मेगावाट क्षमताका ६८ आयोजना छन्।

बाँकी आयोजना 'ग' र 'घ' समूहमा वर्गीकृत छन्। 'ग' समूहमा आवश्यक उत्पादन अनुमतिपत्र, वित्तीय व्यवस्थापन वा जग्गा व्यवस्थापन पूरा नगरेका तथा आरसिओडी सकिँदासम्म २५ प्रतिशतभन्दा कम भौतिक प्रगति गरेका आयोजना छन्। 'घ' समूहमा अनिवार्य दायित्व पूरा नगरेका वा सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र खारेज भएका आयोजना राखिएका छन्। 'ख' समूहमा रहेका आयोजनाको भने नियमित अनुगमन गरिने बताइएको छ।

Abhiyan weekly_2083_ashoj_23.indd 2 10/8/2026 3:15:55 PM

# बालेन सरकार किन सुन्दैन जनताको आवाज



• राजन कार्की
rajan2012karki@yahoo.com

स्थानीय निर्वाचनको ६ महिना अघि देखि नै रास्वपालाई निर्वाचन लागिसकेको छ । कुनै पनि कमजोरी नराखी उमेदवारहरूको छनौट गरेर चुनावमा जाने तैयारी रास्वपाको छ । रास्वपास्रोतका अनुसार जसरी संसदको निर्वाचनमा दुईतिहाइ जनादेश प्राप्त भयो, त्यसैगरी स्थानीय निर्वाचनलाई स्वीप गरेर प्रतिपक्षीलाई बढार्ने तयारी रास्वपाले गरिरहेको छ ।

हुन प िनगत फागुन २१ को निर्वाचनमा प्रतिपक्षी र स्थापित ठूला दलहरु कांग्रेस, एमाले, नेकपा लगायतका दलहरूले ऐया पनि भन्न भ्याएनन् । उनीहरूले कल्पनै नगरेको तरिकाले नतिजा आयो, जनताले पुराना र स्थापित दलहरूलाई नकारिदिए । देशै रास्वपामय भयो । जसको कारण प्रतिपक्षीहरु संसद, सडक र सामाजिक सञ्जालमा रास्वपा र बालेन सरकारका विरूद्ध जति चिच्याए पनि सरकारले कानमा तेल हालेर बसेको छ । आलोचना गर्ने दलहरु थाकेका छन् । प्रम बालेन साहले बोल्दै नबोली काम गरिरहेका छन् । जनताले खोजेको नतिजा हो र बालेन सरकार नतिजा दिनेगरी काम गरिरहेको बताउँछ । यद्यपि जनताको अपेक्षाअनुसार काम गर्न सरकारले सकेको देखिदैन ।

जनताको विश्वास प्राप्त भएको र सरकार भ्रष्टाचारबाट अलग रहेकाले पनि हुनसक्छ, रास्वपा स्थानीय चुनावका लागि हौसिएको छ । रास्वपा पालिका, प्रदेश र राष्ट्रिय सभामा शुन्य छ भने सरकारहरूमा एक्लै छ, संघमा एक्लैको दुई तिहाई मत छ । एक्लै ५ वर्ष चलाउने कि ७६१ सरकारमै रास्वपाको दबदबा कायम गरेर परिवर्तित राजनीतिक परिदृश्यको मूलधार बन्ने ? रास्वपाले निर्णय गर्ने समय यही हो । निर्णय गरेर नै रास्वपा चुनावमा होमिने होमवर्क गरिरहेको देखिन्छ ।

फागुन चैत अर्थात् ६ महिनापछि स्थानीय चुनाव छ । स्थानीय चुनाव भनेको सबैतिर प्रभाव पार्ने चुनाव हो । जसरी जनताले विश्वास गरेर संघीय निर्वाचनमा जनताले मतपत्र खन्याइदिए, रास्वपाले राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर अघि बढ्ने नीति लियो भने सबैतिर एकछत्र रजगज गर्न सक्ने वातावरण बन्नसक्छ । स्थानीय निर्वाचनमा रास्वपाले संसदमा जसरी जनताको मत पाउन सक्ने वातावरण कायमै छ ।

बालेन सरकारको अवधि ६ महिना भएको छ । ६ महिना नै प्रम बालेन सार्वजनिक नहुने, संसद पनि नजाने र कम बोल्ने गरेका छन् । आफ्ना कुराहरु सामाजिक सञ्जालमार्फत व्यक्त गर्दै चुपचाप काम गर्दै आएका प्रम बालेन नेपालको इतिहासमै रहस्यमय खालका प्रम देखिन्छन् । यता रास्वपा सभापति रवि लामिछानेलाई रास्वपा र सरकार विरूद्धका प्रतिपक्षीले हानेका तीरहरु पन्छाउँदै फुर्सद छैन । तथापि रास्वपा एक छ र एक हुन्जेल बालेन सरकार दह्रो भइरहनेछ । हुन पनि कांग्रेसको अधिवेशनमा सभापति रवि लामिछानेले भनिदिएका छन्, आजै सरकार ढल्छ, भोलि नै सरकार ढल्छ, दशै तिहारपछि सरकार ढल्छ । ढल्छ भन्नेहरु बेहोस भएर ढल्नेछन्, सरकार ढल्दैन । एकपल्ट फेरि विपक्षीहरूको मुखमा बुजो कोचिदिएका छन्, रवि लामिछानेले । प्रम बालेन र रविको सुरूकै सम्झौता थियो कि बालेनले सरकार चलाउने, रविले पार्टी । अहिलेसम्म यो सम्झौता कायमै छ । प्रतिपक्षीहरु सभापति रविलाई उक्साएर फाटो ल्याउने अनेक प्रयत्न गरिरहेका छन्, सकेका छैनन् । अब स्थानीय चुनाव घोषणा हुनमात्र बाँकी छ । सर्वोच्चले संसदबाट मात्र होइन, राष्ट्रिय सभाबाट पनि दुई तिहाइले पास गरेमात्र संविधान संशोधन हुनसक्छ भनेको छ । यसकारण पनि रास्वपाले स्थानीय निर्वाचन जित्न जरूरी छ । जसको प्रभाव राष्ट्रिय सभा र प्रदेशमा समेत पर्नेछ, अन्य स्थानीय निकायमा रास्वपाको उपस्थितिले सरकार दर्विलो हुनसक्छ । रास्वपाले पाएको जनसमर्थनको असली परीक्षा स्थानीय निर्वाचन हो ।

संसदमा दुई तिहाइ सिट जितेको छ रास्वपाले । सरकार रास्वपाले चलाएको छ । राष्ट्रिय सभामा समेत एकसिट रास्वपाको छैन । यद्यपि रिक्त दुई सिटमा राष्ट्रपतिबाट रास्वपाले हात पार्न सक्छ । पहिले चुनावमै जाने र जनादेश लिने नीति रास्वपाभित्र देखिन्छ । हो, राजनीति गर्नकै लागि बालेन र रवि एक भएका हुन् । जनताले बुढा पुराना दलका नेताको अनुहार नै नहेर्ने निधो भनेकै गत फागुन २१ को निर्वाचन परिणाम हो । तथापि स्थापित कांग्रेसका सभापति देउवा, एमालेका अध्यक्ष ओली र नेकपाका अध्यक्ष प्रचण्ड नेतृत्व पुस्तान्तरण र हस्तान्तरण गर्न तैयार छैनन् । रास्वपाले बुद्धि पुऱ्याएर खासगरी राजतन्त्र र हिन्दुराष्ट्रवादीहरूसँग संवाद, सहमति र सहकार्य गरेर चुनावमा गयो भने जस्तो चुनाव परिणाम गत फागुनमा देखिएको थियो, त्यस्तै आश्चर्यपूर्ण नतिजा देख्न पाइनेछ । रास्वपाले यो बाटो लिन्छ लिदैनन्, विदेशी प्रभाव र दबाबको पनि असरबाट प्रभावित हुनसक्नेछ ।

हलचल देखिन्छ, रास्वपाले स्थानीय चुनाव लड्न उमेदवारको छनौट प्रकृया सुरू गरिसकेको छ । पुरै तयारीका साथ चुनाव जाने रास्वपाको निर्णयले पालिका र राष्ट्रिय सभामा समेत प्रभाव पार्नसक्छ । पुराना दलहरु पनि कम्मर कसेर स्थानीय निर्वाचनमा आफ्नै होल्ड कायम राख्न अग्रसर भएका छन् । चुनावकै लागि दशैतिहार पछि सडक तताउने आन्दोलनको कुरा गरिरहेका छन् । अब हेर्नुछ, स्थानीय निर्वाचनमा पुराना दलहरूले आफ्नो बर्चस्व र संगठन कायम राख्न सक्नेछन् कि रास्वपाले यिनलाई बढार्ने हो ? हुन पनि पुराना बुढो नेतृत्व ५ वर्ष कुर्नसक्ने मनस्थितिमा देखिदैनन् । उनीहरु छिटोभन्दा छिटो रास्वपालाई कमजोर पारेर सत्तामा उक्लन चाहन्छन् । तर त्यो सम्भाबना कम छ भन्छन्, विश्लेषकहरु । बालेनको युवा नीतिका सामु पुराना दलहरु नतमस्तक छन् भनिदैछ ।

सांसदजस्तै, स्थानीय निर्वाचनमा रास्वपाले जित्न सकेन भने रास्वपा केन्द्रमा मात्र एक्लो बृहस्पतिका रूपमा रहनेछ । फेरि पुरान दलहरु बलवती बन्नेछन् । रास्वपा संघीय सरकारमा मात्र कायम रहने कि आफ्नो राजनीतिक प्रभाव बिस्तार गर्ने सक्ने हो ? यो यक्ष प्रश्न हो । रास्वपाको परीक्षा यही स्थानीय निर्वाचनले गर्नेछ । रास्वपाप्रति जनताले देखाएको ऐतिहासिक विश्वास अहिलेसम्म स्खलित नभएको राजनीतिक विश्लेषण छ । यही विश्लेषणको आधारलाई रास्वपाले एकतावद्ध भएर कायम राख्न सक्यो भने रास्वपाले स्थानीय निर्वाचनमात्र होइन, राष्ट्रियसभासम्म प्रभाविलो प्रतिनिधित्व कायम राख्न सक्नेछ । सम्भवतः यहीकारण गर्दा पनि पुराना र स्थापित तर संसदको चुनावमा जनताबाट बढारिएका दलहरु स्थानीय निर्वाचनमा रास्वपालाई हराउनका लागि एक भएर अघि बढ्ने तयारी गरिरहेका छन् ।

सायद स्थानीय चुनाव जित्नका लागि समेत बालेन सरकार पुराना भ्रष्टाचारका फाइलहरु खोल्दै आफूविरूद्धका साजिसहरु उखेल्न थालेका संकेतहरु सार्वजनिक भइरहेका छन् । चोलेन्द्र र दीपक भट्ट यसैका उदाहरण हुनसक्छन् । बालेन सरकारले जघन्य राजनीतिक अपराध, शासन प्रशासनबाट भएका राष्ट्रिय स्तरका भ्रष्टाचार काण्डहरूमा रास्वपा सरकारले अनुसन्धान र कारवाही अघि बढायो भने निर्वाचनमा प्रत्यक्ष प्रभाव पर्नजानेछ । रास्वपाले ठूला ठूला काण्डमा ठूला ठूला नेताहरूलाई र स्थानीय स्तरका भ्रष्टाचारमा कारवाही सुरू गऱ्यो भन जनताले रास्वपालाई साथ दिनेछन् । भ्रष्टाचारीमाथि कारवाही र सुशासनको सुरूआत, विकास, शान्ति र पुनर्निर्माण जनताको अपेक्षा रहेको छ । अबको चुनाव रास्वपाले पुराना भ्रष्ट छाप परेको कांग्रेस, एमाले र नेकपासँग लड्नुपर्ने छ । रास्वपा राजनीतिको मुलधारका रूपमा स्थापित हुने हो भने रास्वपाले गर्नैपर्ने काम भनेको एकतामा हालिएको भाँजोलाई असफल पार्दै बालेन सरकारलाई जतिसक्यो उति दह्रिलो बनाउनु पर्नेछ ।

रास्वपा र बालेन सरकारले यो सुशासनको वर्षमै भ्रष्टाचारलाई शून्य सहनशीलताका साथ काम कारवाहीको पद्धति बसाल्नुपर्नेछ र हिजोका भ्रष्टाचारका सबै फाइल खोलेर भ्रष्ट र षडयन्त्रकारीहरूलाई पाता कस्ने कानुनी वातावरण बनाउनु पर्ने छ । हो, न्यायालयमा समेत हुनेगरेका कुनै पनि प्रकारका भ्रष्टाचारको छानबिन हुनसक्ने कानुन निर्माण आजको पहिलो सर्त हो । न्यायाधीशहरूले कानुनलाई खेलौना बनाएका अनेक घटनात्रम सार्वजनिक भइरहेकै छन् । बरिष्ठ अधिवक्ताहरूले समेत हामी घूस ख्वाउँछौं, न्यायाधीशहरु घूस खान्छन् भनेर सार्वजनिक बक्तव्य दिने गरेकाले जो कसैको सम्पत्ति छानबिन हुने र फैसलाहरूको निर्मम तरिकाले अनुगमन र छानबिन हुनुपर्ने जरूरी पनि देखिएको छ । त्यसपछि देशमा विद्यमान, बाढीपीडित, सहकारी पीडित, मिटरव्याज पीडित, लघुवित्त पीडित, सुकुम्वासी, भूमिहीन अनेक समस्याहरूलाई बालेन सरकारले तीब्र गतिमा न्याय दिने व्यवस्था गर्नुछ । सरकार यिनै कामको कसीमा घोटिदैछ ।

सरकार सफल पार्न र स्थानीय चुनावमा बर्चस्व स्थापित गर्न रास्वपा र बालेन सरकारले राजशक्तिसहितका राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर अघि बढ्न सके त्यो लक्ष्य दुरूह र दुर्गम छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ । किनकि जनतामा रास्वपा र बालेन सरकारसँग अझै धेरै आशा र अपेक्षा कायमै रहेको छ ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# गाली गलौजको राजनीति प्रधानमन्त्रीबाटै अन्त्य होस्

२०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यलाई टेकेर २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको सरकारले आफ्नो ६ महिने कार्यकाल पूरा गरेको छ। ६ महिने कार्यकालमा प्रधानमन्त्री बालेन साह नेतृत्वको एकलौटी सरकारले समेत आफैंले घोषणा गरेका कार्यहरू पूरा गर्न सकेन भने वर्षे अधिवेशनमा जम्मा १२ वटा मात्र विधेयक पारित भएका छन्। विपक्षी दलहरूले संसदमा प्रधानमन्त्री खोज्ने गरेका भएपनि प्रधानमन्त्री बालेन भने वर्षे अधिवेशनको ६ महिनाको कार्यकालमा जम्मा ६ पटक मात्र संसदमा उपस्थित भएका थिए । अधिवेशनको अन्तिम दिनसम पनि सांसदहरूले संसदमा प्रधानमन्त्रीको खोजि गरिरहेका थिए तर प्रधानमन्त्री बालेन भने प्रधानमन्त्री कार्यलयमा नै रहेर पनि संसदमा उपस्थित भएनन् त्यसैले भन्न सकिन्छ प्रधानमन्त्री बालेनले संसदलाई उपेक्षा गरेर संसदीय लोकतान्त्रिक व्यवस्थाको धज्जी उडाएका छन् भनेर ।

यस पटकको वर्षे अधिवेशनबाट जम्मा १२ वटा विधेयक पारित भएका छन् ती हुन् नेपाल विशेष सेवा ऐन २०४२ को साविकको व्यवस्था जोगाउने विधेयक, राष्ट्रऋण उठाउने विधेयक, विनियोजन विधेयक, आर्थिक विधेयक, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, सहकारी पहिलो संशोधन विधेयक, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सार्वजनिक खरिद दोस्रो संशोधन विधेयक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सम्बन्धी विधेयक, प्रतिनिधिसभा सदस्य निर्वाचन पहिलो संशोधन विधेयक र केही नेपाल ऐन संशोधन विधेयक रहेका छन् ।

यस पटकको संसदको वर्षे अधिवेशनभरी नै सांसदहले प्रधानमन्त्रीलाई संसदमा खोजि रहे। तर प्रधानमन्त्री बालेनले भने झण्डै ६ महिनाको समयमा संसदको रोष्ट्रमबाट दुई पटकमात्र सम्बोधन गरेका थिए। संसदको बैठकमा जम्मा ६ पटक उपस्थित भएका भएपनि उनले २ पटकमात्र संसदलाई सम्बोधन गरेपछि सांसदहरूले पटक पटक आफूहरूले उठाएका मुद्दाका बारेमा प्रधानमन्त्रीले जानकारी दिनुपर्ने माग गरेपनि उनले सांसदका कुराहरू समेत सुनेनन् ।

अहिलेसम्मको संसदीय परपम्रा अनुसार संसदमा प्रमुख विपक्षी दलको नेता बोल्दा प्रधानमन्त्री उपस्थित भएर विपक्षी दलको नेताको कुरा सुन्ने परम्परा रहेको भएपनि यस पटक प्रधानमन्त्री बालेनले त्यसलाई उल्लघन गरेका छन्। प्रधानमन्त्री मात्र होइन यस पटकको वर्षे अधिवेशनमा मन्त्रीहरूपनि संसदमा कमै उपस्थित हुने गरेका थिए भने रास्वपाकै सांसदहरूले प्रश्न सोधिरहँदा समेत रास्वपाकै झण्डै दुई तिहाई रहेको संसदमा प्रधानमन्त्री र मन्त्रीहरूको खोजी रास्वपाकै सांसदहरूले गरिरहेका थिए ।

प्रतिनिधिसभाको बजेट अधिवेशन ६२ दिनमा ६८ पटक बैठक बस्यो । प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक २ पटक बस्यो प्रधानमन्त्री बालेनले जेष्ठ १७ गते र भोटेकोशीको बाढी पहिरोको बारेमा भाद्र १७ गते संसदमो बोलेका थिए । यसरी प्रधानमन्त्रीले संसदलाई वेवास्ता गरेका हुनाले मन्त्रीहरूले समेत त्यस्तै व्यवहार गर्न थालेका हुनाले रास्वपा नेतृत्वको बालेन सरकारबाटै संसदीय व्यवस्थाको खिल्ली उडाउने कार्य भएको आरोप सरकारमाथि लागिरहँदा रास्वपा नेतृत्व भने मौन बसेको छ ।

जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरू नै अहिले सरकारमा रहेका र संसदमा समेत झण्डै दुई तिहाई मत रास्वपाकै भएकाले नत प्रधानमन्त्री जनताप्रति उत्तरदायी देखिएका छन् नत उनको सरकार नै । लोकतान्त्रिक व्यवस्थामा जनताले प्रश्न उठाएपछि त्यो प्रश्नको जवाफ दिनु लोकतान्त्रिक पद्दति नै हो तर बहुमतको दम्भमा रहेको बालेन सरकारले नत जनताका आवाज सुनेको छ नत लोकतान्त्रिक पद्दति अनुसार नै अघि बढेको छ। विपक्षी राजनीतिक दलहरूलाई गाली गलौज गर्ने हतियार फेसबुकलाई बनाएर फेसबुकमा स्टाटस लेख्दै विपक्षी दलका नेता र कार्यकर्ताहरूमाथि गाली गलौज गर्नुले उनको समर्थकहरू र रास्वपाका समर्थकहरूले समेत प्रधानमन्त्री बालेनकै सिको गर्न थालेका हुनाले तत्काल प्रधानमन्त्री बालेनले आफ्नो व्यवहार सुधार गर्नुपर्ने आवश्यकता हामीले ठानेका छौं। त्यसैले हामी भन्छौं गालीगलौजको राजनीति तत्काल अन्त्य हुनैपर्दछ।

# 'जबरा प्रकरण' लक्षण हो, रोग होइन

बलराम केसी

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई प्रहरीले १२ घण्टासम्म नियन्त्रणमा लिइएको समाचार आयो । प्रहरी भन्छ– जबराकै अनुरोधमा 'सुरक्षा खतरा' भएकाले प्रहरी कार्यालय ल्याइएको हो । हो या होइन, जबराबाट खण्डन भएको छैन । पक्राउ पुर्जीविनाको नियन्त्रणले मौलिक हक उल्लंघन गर्न सक्छ । सुरक्षा खतरा भएको भए घरैमा सुरक्षा दिन पनि सकिन्थ्यो । नियन्त्रण हो र जबराको अनुरोध थिएन भने संविधानको धारा १७(२) (ङ) को स्वतन्त्रता अपहरण गर्छ । व्यक्तिगत स्वतन्त्रतामा बेलायतमा छत नभएको झुपडीमा बस्नेले पनि 'लेट द सन कम टु माई रूम', 'लेट द रेन कम टु माई रूम', 'लेट द स्टर्म कम टु माई रूम', 'लेट द स्नो कम टु माई रूम बट नट द पुलिस' भन्ने गर्छन् । यसको मतलब अपराध नगरीकन पुलिस निवासमा पस्न सक्दैन भन्ने हो ।

जबराको अनुरोधविनै नियन्त्रणमा लिइएको हो भने त्यो स्वीकार्य हुन सक्दैन । प्रधानन्यायाधीश भइसकेका व्यक्तिले राजनीति गर्न हुँदैन । यथार्थ के हो, सार्वजनिक गर्नुपर्छ । जबरा केपी ओलीसँग मिलेर विघटित संसद् पुनः जगाउने खेलमा लागेको, आफू प्रधानमन्त्री बन्न आँटेको भन्ने अनलाइन मिडियाहरूको समाचार छ । जबरालाई सुरक्षा खतरा आएन होला भन्न गाह्रो छ । मरिसकेको संसद्लाई जगाउने 'सपना'मा जबराको संलग्नता थिएन र त्यो सब हल्ला हो भने उहाँले नै प्रमाणित गर्नुपर्छ ।

जबराको दुईथरी व्यक्तित्व छ । नरम स्वभाव, व्यवहार, बोलिचाली, सबैसँग घुलमिल गर्ने कसैलाई गाली हेला नगर्ने स्वभावका व्यक्ति हुनुहुन्छ उहाँ । अर्को व्यक्तित्व देशको सर्वोच्च अदालतका प्रधानन्यायाधीश पदमा रहँदा निजी स्वभाव र व्यक्तित्वको गरिमा राख्न सक्नुभएन । विवादित प्रधानन्यायाधीश बन्नुभयो । मुद्दामा हस्तक्षेप गरेको भन्ने आरोप पनि लाग्यो । बेन्च सपिङको पनि आरोप लाग्यो । नियुक्तिमा पनि आरोप लाग्यो । बारले उहाँविरूद्ध अभियान नै चलायो । महाभियोग लाग्यो । बिचौलियासँग साँठगाँठ गरेको र बिचौलियाकै इसारामा चलेको भन्ने आरोप पनि लागेकै हो । प्रधानन्यायाधीश रहेकै समयमा शेरबहादुर देउवा, केपी ओलीलगायत नेतासँग विशेष सम्बन्ध रहेको सार्वजनिक छ । बहालवाला प्रधानन्यायाधीशले आचरणविपरीत हुने गरी र न्यायपालिकाप्रति आस्था हराउने गरी नेतासँग सम्बन्ध राख्नै हुँदैन । यी कुराको पनि उहाँमाथि आरोप नलागेको होइन । पद, झन्डा, सरकारी संरक्षणका कारण त्यतिवेला सुरक्षित भए पनि आज ती शक्ति र अधिकार दुरूपयोगका कारण जबरामाथि सुरक्षा खतरा नभएको होला भन्न सकिन्न । तर, जे भए पनि विनावारेन्ट नियन्त्रणमा लिन हुँदैनथ्यो ।

प्रधानन्यायाधीशसँग हातेमालो गरेर चम्काउने, भड्काउने, उक्साउने नेताहरु नै हुन् । जबरामा भएको जबरा खान्दानीको भलाद्मीपनाको कमजोरीलाई 'एक्सप्लोइट' गर्ने नेताहरु नै हुन् । नेपाली समाजले यी कुरालाई मनमा राखेर जबरालाई विवादित बनाउने दललाई अबको स्थानीय चुनावमा जनताले नै तह लगाउनुपर्छ । तब मात्र अन्य प्रधानन्यायाधीश वा न्यायाधीश भविष्यमा दोहोरिएर 'जबरा' बन्दैनन् या बनाइँदैनन् ।

'जबरा प्रकरण' लक्षण हो, रोग होइन । नसुधार्ने हो भने यो लक्षणले रोगको रूप लिन सक्छ । यसबाट न्यायपालिकाप्रति आस्था हराउँदै जान्छ । सर्वोच्च अदालतले विचाराधीन मुद्दाबाटै बृहत् पूर्ण इजलास बसेर फोहोरी राजनीति रोक्न सक्छ र भविष्यमा अवकाश प्राप्त न्यायाधीशहरु अर्को जबरा, कार्की वा श्रेष्ठ बन्नबाट रोकिन्छन् ।

आजको सर्वोच्च अदालत विवादित छ । सर्वोच्च अदालतप्रतिको आस्था र विश्वास डग्मगाएको छ । पञ्चायतको क्षेत्रीय अदालतप्रति जति पनि भरोसा छैन । अवहेलनाको हतियार र न्यायाधीशलाई राज्यले दिएको तामझामले अदालत न्यायको मन्दिर बन्न सक्दैन । यी पनि झिकिदिने हो भने न्यायाधीश र अदालतप्रतिको आस्था निजामती कर्मचारी र सरकारी कार्यालयको जस्तो हुन जान्छ । सर्वोच्च अदालतले ०७२ देखि आस्था गुमाउन थालेको हो । न्यायाधीश नियुक्तिबाट त्यस्तो आस्था घटाउने काम भयो । भव्य नयाँ भवन, प्रशासकीय कर्मचारी, कानुनका किताब, मिसिलको ठेली र करोडौँ पर्ने महँगा गाडी न्यायाधीशको सुरक्षामा खटिएका प्रहरीको जमातले मात्र अदालत न्यायको मन्दिर बन्दैन । स्वच्छ पुजारी र देउताको मूर्तिले मन्दिर धार्मिक आस्थाको केन्द्र बन्छ । त्यस्तै, अदालत पनि स्वच्छ छविका न्यायाधीश र दुधको दुध पानीको पानी छुट्टिने फैसलाले न्यायको मन्दिर बन्छ ।

'जबरा प्रकरण'ले गर्दा न्यायपालिकाको थाकिसकेको घाउ पुनः बल्झिएको छ । केही अवकाशवाला प्रधानन्यायाधीशको राष्ट्रपति या प्रधानमन्त्री बन्ने लोभले गर्दा सो घाउ बल्झिएको हो । दुवै राजनीतिक पद हुन् । संविधानले रोक्दारोक्दै अवकाश भएपछि पूर्वप्रधानन्यायाधीशले राष्ट्रपति या प्रधानमन्त्री पद ताक्न थालेपछि अदालतप्रतिको आस्था धुलीसात् हुनु अनौठो होइन । यस्तोमा सर्वोच्च अदालतको बृहत् पूर्ण वा संवैधानिक इजलासले धारा १३२(२) को 'ल्यान्डमार्क व्याख्या' गरिदिने हो भने कुनै पनि पूर्वन्यायाधीशले राष्ट्रपति वा प्रधानमन्त्री ताक्ने दुस्साहस पनि गर्दैनन् र राजनीतिक फोहोरको छिटा अदालतमाथि पर्न पनि पाउँदैन ।

यी विषयमा सर्वोच्च अदालतले व्याख्या गर्नुपर्यो, गर्न सकिन्छ र गर्ने आधार पनि छ । १९७३ को भारतको सर्वोच्च अदालतको केशवानन्द भारतीको मुद्दा र १९९३ को जजेज केसेज–२ को मुद्दालाई 'पर्सुएसिभ प्रेसिडेन्ट' मानेर व्याख्या गर्न सकिन्छ । केशवानन्द भारतीको मुद्दा केरला सरकारले 'इदनिर मठ'को सम्पत्ति अधिग्रहण गर्ने घोषणा गर्यो । विश्वकै उत्कृष्ट वकिल पालखिवालासँग सल्लाह भयो । उहाँले सम्पत्तिसम्बन्धी मौलिक हक अपहरण गर्न पाइँदैन भनेर रिट हाल्ने सल्लाह दिनुभयो । उहाँकै सल्लाहअनुसार रिट दर्ता भयो । रिटमा संविधानमा आधारभूत संरचना हुन्छ, त्यसलाई संशोधन गर्न पाइँदैन भन्ने फैसला आओस् भन्ने मागै थिएन । इन्दिरा गान्धी प्रधानमन्त्री हुँदा दुईतिहाइ बहुमतको फुर्तीले पटक–पटक मौलिक हकविपरीत हुने गरी संविधान संशोधन गरिएको थियो । संविधान संशोधन रोक्न सर्वोच्च अदालतले आधारभूत संरचना पहिचान गरेर मौलिक हक पनि आधारभूत संरचनामा पारेर असंशोधनीय हुने व्याख्या गरिदियो । त्यसपछि भारतमा मनपरी संशोधन रोकियो । हाम्रोमा पनि पूर्वप्रधानन्यायाधीशमा राष्ट्रपति या प्रधानमन्त्री हुने जुन लोभ देखियो, त्यसले न्यायपालिकाको बदनाम गर्यो । सर्वोच्च अदालतले धारा १३२(२) मा लेखिएको अक्षर र मनसायको विस्तृत व्याख्या गरिदिने हो भने राष्ट्रपति या प्रधानमन्त्री बन्ने लोभले न्यायपालिका विवादित बन्दैन । आस्था बढ्छ । फोहोरी राजनीति न्यायपालिकामा छिर्दैन । धारा १२८(२) अनुसार संविधानको व्याख्या गर्नु सर्वोच्च अदालतको कर्तव्य नै हो । धारा १३२(२) स्पष्ट छ ।

पञ्चायतको पालामा सर्वोच्चका प्रधानन्यायाधीशहरु कोही अख्तियारका अध्यक्ष, राजदूत, लोकसेवा आयोगका अध्यक्ष या कानुन आयोगका अध्यक्ष भए । राजालाई चाकडी गरेर हुन सक्छ, न्यायमा सौदा गरेर ती पद प्राप्त भएका हुन् । धारा १३२(२) को व्यवस्था ६५ वर्षमा अवकाश भएपछि अर्को पदमा रोक्नका लागि गरिएको हो । संविधान लागू भएको १० वर्ष भयो । पटक–पटक कोही जबरा, कोही कार्की, कोही श्रेष्ठ भएर राष्ट्रपति या प्रधानमन्त्री ताक्न सक्छन् । कुनै पनि प्रधानन्यायाधीशले अवकाशपछि राष्ट्रपति या प्रधानमन्त्री नताकून् भनेर धारा १३२(२) राखियो । अब सर्वोच्च अदालतले धारा १३२(२) अनुसार राष्ट्रपति र प्रधानमन्त्री दुवै सरकारी पद हो, पूर्वप्रधानन्यायाधीशहरु राष्ट्रपति या प्रधानमन्त्री केही पनि बन्न सक्नुहुन्न भनेर व्याख्या गरिदिने हो भने भविष्यमा जबरा, कार्की वा श्रेष्ठ प्रकरण पुनः बल्झिनेछैन । सामाजिक सञ्जालमा आएअनुसार साँचो हो भने कुनै एक पूर्वप्रधानमन्त्रीले जबरालाई उचालेर मरिसकेको संसद्लाई आर्यघाटबाट ल्याएर सिंहदरबारमा राख्ने र जबरालाई प्रधानमन्त्री बनाउने रे भन्ने समाचार पढियो । धारा १३२(२) को व्याख्याले यस्ता सपनालाई सपनामै सीमित गराइदिन्छ । सर्वोच्च अदालतबाट धारा १३२(२) को उद्देश्यमूलक र प्रगतिशील व्याख्या गरिदिए फोहोरी खेल बन्द हुन्छ, अदालत विवादित बन्दैन ।

राजनीति बिग्रनुमा संविधानमा प्रधानमन्त्रीको पटक नतोकिनुले पनि हो । गत चुनावले दुई ठुला दलका नेता र तिनका दललाई बहिष्कार गर्यो । तर, ती नेताले अझै चेतेका छैनन्, पश्चात्ताप गरेका छैनन् । अझै प्रधानमन्त्री बन्न पुगेको छैन भन्छन् । राजनीतिमा सक्रिय नै देखिन्छन् । सर्वोच्च अदालतले प्रधानमन्त्रीको पटक दुईपटक तोकिदिने हो भने त्यो अर्को ऐतिहासिक फैसला हुनेछ र नेपालको राजनीति पनि सफा हुन सक्छ । भारतीय सर्वोच्च अदालतले केशवानन्द भारतीको मुद्दामा गरेको व्याख्याले मनपरी संशोधन रोक्यो । साथै, जजेज केसेज–२ को मुद्दामा सर्वोच्च अदालतको व्याख्याले न्यायाधीश नियुक्तिमा सरकारी हस्तक्षेप रोकियो । त्यसैगरी, हाम्रो सर्वोच्च अदालतले पनि दुईभन्दा बढीपटक प्रधानमन्त्री बन्न नपाउनेबारे व्याख्या गरेर हाम्रो राजनीतिको फोहोर सफा बनाउन सक्छ । भारत र अमेरिकाको सर्वोच्च अदालतले संविधानको व्याख्या गर्दा केही कुराको सहायता लिनुपर्यो भने डिक्सनरी हेरेर होइन, उस्तै राजनीतिक व्यवस्था भएका देशका सर्वोच्च अदालतले कसरी व्याख्या गरेका छन्, त्योअनुसार गर्नुपर्छ भनेका छन् । संसदीय व्यवस्था भएका देशमा प्रधानमन्त्रीको पटक नतोकिएका कारण प्रधानमन्त्री पदको समेत इज्जत नरहने अवस्था सिर्जना भयो । यस्तो व्याख्या संविधानको मर्म र भावनाविपरीत हुँदैन । त्यस्तो अवस्थामा प्रधानमन्त्रीबाट हटेको व्यक्ति आजीवन राजनीतिमा फर्किंदैन । किताब लेख्छ । संस्मरण लेख्छ । 'लेक्चर' गरेर बस्छ भन्ने मान्यता हो । चुनाव हार्यो भने प्रधानमन्त्री पद र दलको अध्यक्षबाट राजीनामा गर्ने परम्पराले प्रधानमन्त्रीको पटक नतोकिएको हो । सायद हाम्रोजस्तो प्रधानमन्त्री बेलायतमा भएको भए दुईपटक तोकिन्थ्यो होला । हुँदाहुँदा हाम्रोमा त राष्ट्रपति भइसकेका व्यक्ति पनि प्रधानमन्त्री बन्ने दौडमा राजनीतिमा प्रवेश गरेकोसमेत देखिँदै छ । यस्तो दृश्य संविधान र देशका लागि दुर्भाग्य हो ।

अतः हाम्रो सर्वोच्च अदालतले संविधानको धारा ७४ मा संसदीय व्यवस्था उल्लेख भएकाले त्यही परम्परा र अमेरिकी संविधानको राष्ट्रपतिको पद दुईपटक हुने गरी २२औँ संशोधन गरेकोलाई समेत ध्यानमा राखेर धारा १३३(२) को सर्वोच्च अदालतको असाधारण अधिकारअन्तर्गत न्यायपालिकालाई समेत असर पर्ने नेपालको फोहोरी राजनीति अन्त्य गर्न दुईपटक मात्र प्रधानमन्त्री बन्न सक्ने गरी धारा ७६ को व्याख्या गरिनुपर्छ । यसले संविधानको रक्षा हुन्छ । राजनीति सफा हुन्छ । सर्वोच्च अदालतको इज्जत र प्रतिष्ठा पनि धेरै माथि पुग्छ । *-नयाँ पत्रिका*

Abhiyan weekly_2083_ashoj_23.indd 4 10/8/2026 3:15:56 PM

# बदलिएको चेहरा कि चिन्तन ?

**रामकुमारी झाँक्री**

नेपाली कांग्रेसको जारी १५औं महाधिवेशनबाट अबको केही दिनमा गगन थापा निर्वाचित भएर नेतृत्वमा आउने बलियो सम्भावना छ । पार्टीमा नेतृत्व परिवर्तन जति स्वाभाविक हो, राजनीतिमा पुस्तान्तरण पनि त्यति नै स्वाभाविक हो । पुराना जान्छन्, नयाँ आउँछन् । तर पुरानालाई पन्छाएर नयाँले ठाउँ लिनु मात्र परिवर्तन होइन । परिवर्तनको असली अर्थ त सोच, संस्कार र काम गर्ने शैलीमा देखिनुपर्छ ।

पुरानो नेतृत्वलाई हटाउनु एउटा राजनीतिक घटना हो, पुरानो प्रवृत्ति हटाउनु अर्कै कुरा । नेतृत्वमा व्यक्ति बदल्न बहुमतले पुग्छ, संस्कार बदल्न चरित्र चाहिन्छ । गुटका आधारमा अवसर बाँड्ने, आफ्नालाई संरक्षण गर्ने, असहमतिलाई किनारा लगाउने र सत्ता प्राप्तिलाई सफलताको अन्तिम मापदण्ड ठान्ने अभ्यास उस्तै रह्यो भने नेतृत्वमा जुनसुकै पुस्ता आए पनि राजनीतिमा खासै फरक पर्दैन ।

नेपाली कांग्रेसमा गगन थापा नेतृत्वमा आउनुलाई नयाँ पुस्ताको आगमनका रूपमा प्रस्तुत गरिएको छ । तर ५० वर्ष पुगेको व्यक्तिको आगमनलाई नै साँचो अर्थमा नयाँ पुस्ताको आगमन मान्न सकिन्छ त ? त्यो मान्न म तयार छैन । किनकि २०४६ सालपछि देशको बागडोर सम्हाल्न आएका अधिकांश नेता त्यतिबेला ५० वर्ष पनि पुगेका थिएनन् । कांग्रेसको नेतृत्व ८० वर्षबाट ५० वर्षमा ल्यायौं भनेर पुग्दैन । युवावयमै बीपी कोइराला कांग्रेसका सभापति बनेको इतिहास पनि बिर्सनु हुँदैन ।

गगन थापा र मेरो पार्टी, राजनीतिक दर्शन, सिद्धान्त, राजनीतिक पृष्ठभूमि फरक छन् । तर हामी एउटै पुस्ताका राजनीतिकर्मी हौं । त्यसैले गगनजी पार्टी नेतृत्वमा आएको घटनालाई नेपालको राजनीतिक उपलब्धिका रूपमा लिनुपर्छ भन्ने लाग्छ । हामीबीच धेरै राजनीतिक मतभिन्नता भए पनि यसलाई म पार्टीगत प्रतिस्पर्धाको आँखाबाट मात्र होइन, लोकतान्त्रिक आन्दोलन, राजनीतिक पुस्तान्तरण र हामीले निर्माण गर्न खोजेको राजनीतिक संस्कारको आँखाबाट हेर्न चाहन्छु ।

गगनजीले लामो समयदेखि कांग्रेसको पुरानो नेतृत्वमाथि प्रश्न उठाउँदै आएका हुन् । विधिसम्मत पार्टी चल्नुपर्छ, समयमै महाधिवेशन हुनुपर्छ, नेतृत्व हस्तान्तरण हुनुपर्छ र पार्टीभित्र प्रश्न गर्ने ठाउँ रहनुपर्छ भन्ने उनका सार्वजनिक अडान नयाँ होइनन् । हिजो उनी प्रश्न गर्ने ठाउँमा थिए, आज जवाफ दिने ठाउँमा पुगेका छन् । त्यसैले अब प्रश्न अरूलाई होइन, उनलाई नै फर्किन्छ– हिजो जुन उदारता उनले पुरानो नेतृत्वसँग मागेका थिए, आफूलाई चुनौती दिने आवाजलाई त्यही उदारताका साथ सुन्छन् ?

दल गम्भीर संकटबाट गुज्रिरहेको बेला, उनका पुराना नेताहरू अप्ठ्यारो परिस्थितिमा रहेका बेला र पार्टीको ठूलो हिस्सा विभाजित रहेको अवस्थामा उनी नेतृत्वमा आउँदै छन् । नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धमा सहकार्य र विश्वसनीय वातावरण निर्माण हुन सकेको छैन । लोकतान्त्रिक संस्थाहरू जनविश्वासको संकटमा छन् । यस्तो अवस्थामा नेतृत्व परिवर्तन हुनु गलत होइन । तर त्यस्तो परिवर्तनको समय, शैली र राजनीतिक व्यवहारबारे केही प्रश्न रहने नै छन् ।

गगन थापाले अहिले कांग्रेसको विगतप्रति कठोर आत्मसमीक्षा गरेका छन् । पार्टी सत्ता, पद, गठबन्धन, गुट र भागबन्डामा अल्झिएको स्वीकार गर्नकक सामान्य कुरा होइन । तर आत्मसमीक्षा त्यतिबेला विश्वसनीय हुन्छ, जब त्यसमा आफ्नो हिस्साको जिम्मेवारी पनि स्वीकार गरिन्छ ।गगनजीको राजनीतिक यात्रा पुरानो कांग्रेसभन्दा बाहिरबाट सुरू भएको होइन । उनी यही पार्टीका विभिन्न शक्ति केन्द्र, समूह र नेतृत्वसँग जोडिँदै, कहिले सहकार्य गर्दै र कहिले असहमति राख्दै यहाँसम्म आइपुगेका छन् । कृष्णप्रसाद सिटौलाले नेतृत्व गरेको समूहदेखि शेखर कोइरालासँगको सहकार्यसम्मको उनको यात्रा खुला इतिहास हो । त्यसमा अस्वाभाविक केही छैन । राजनीति सहकार्य, संघर्ष र बदलिँदो समीकरणबाटै अघि बढ्छ । तर आज पुरानो राजनीतिक संस्कार बदल्ने जिम्मेवारी उनकै काँधमा आइपुगेपछि स्वाभाविक प्रश्न उठ्छ– जुन राजनीतिक संस्कृतिभित्र हुर्केर उनी यहाँसम्म आइपुगे, त्यसैका कमजोरीबाट आफूलाई कति अलग गर्न सक्लान् ?



अझ महत्त्वपूर्ण कुरा, गगन थापाले अहिले कांग्रेसको विगतप्रति कठोर आत्मसमीक्षा गरेका छन् । पार्टी सत्ता, पद, गठबन्धन, गुट र भागबन्डामा अल्झिएको स्वीकार गर्नकक सामान्य कुरा होइन । तर आत्मसमीक्षा त्यतिबेला विश्वसनीय हुन्छ, जब त्यसमा आफ्नो हिस्साको जिम्मेवारी पनि स्वीकार गरिन्छ । पछिल्ला दुई दशकको कांग्रेसको कथा देउवा वा अरू पुराना नेताको मात्र कथा होइन । त्यस अवधिमा गगनजी पनि पार्टीको केन्द्रीय नेतृत्व, महामन्त्री र प्रभावशाली नेताका रूपमा सक्रिय हुनुहुन्थ्यो । त्यसैले अब 'उनीहरूले के गरे ?' मात्र होइन, 'त्यस बेला हामीले के गर्‍यौं र कहाँ चुक्यौं ?' भन्ने प्रश्नको उत्तर पनि उनीबाट आउनुपर्छ । यही स्वीकारोक्तिले नयाँ नेतृत्वलाई पुरानोभन्दा फरक बनाउँछ ।

जुनसुकै समाज र समयमा नयाँ नेतृत्वको अर्को परीक्षा आफ्ना समर्थकसँग होइन, आलोचकसँग हुन्छ । आफू कमजोर हुँदा लोकतन्त्रको कुरा गर्न सजिलो हुन्छ, शक्तिमा पुगेपछि त्यही लोकतान्त्रिक ठाउँ अरूलाई दिन कठिन हुन्छ । आज गगनजीसँग असहमत कांग्रेसजन पनि छन् । उनको नेतृत्वलाई चुनौती दिनेहरु पनि छन् । उनीहरूलाई किनारा लगाएर बलियो बन्ने बाटो एउटा हो, उनीहरूलाई समेत समेटेर संस्था बलियो बनाउने बाटो अर्को हो । उनले कुन बाटो रोज्छन् भन्ने कुराले नेतृत्वको चरित्र देखाउनेछ ।

त्यसैले आजको मुख्य प्रश्न गगनजी कति माथि पुगे वा कहाँ पुगे भन्ने होइन । त्यहाँ पुगेपछि के गर्नुहुन्छ भन्ने प्रश्न महत्त्वपूर्ण हो । हिजो अरूसँग मागेको लोकतन्त्र, जवाफदेही, पुस्तान्तरण र राजनीतिक संस्कारका पाठ आज आफ्नै व्यवहारमा उतार्न सक्नुहुन्छ कि सक्नुहुन्न ? समयले यसको उत्तर खोज्नेछ । तर एउटा कुरा स्पष्ट छ– गगन थापाको उदयलाई नयाँ राजनीतिको उदय मान्न हतार गर्नकक हुँदैन । उमेरको अंकलाई परिवर्तनको मानक बनाउने हो भने नयाँ नेता देखिइसकेका छन् । तर नयाँ राजनीति देखिन अझै बाँकी छ ।

यहाँ मेरो चासो कांग्रेसको महाधिवेशनपछि 'को सभापति भयो ?' भन्नेभन्दा धेरै 'अब कस्तो कांग्रेस बन्न खोज्दै छ ?' भन्नेमा हो ।

केही वर्षदेखि गगनजी सामाजिक लोकतन्त्रको कुरा गर्नुहुन्थ्यो । अहिले बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको कुरा गरेको सुन्छु । कतिपय व्यक्तिहरूले यसलाई नयाँ व्याख्या भनेको पनि पढेको छु । तर यो वास्तवमा के हो ? यो नेपाली मौलिकतामा आधारित समाजवादको कुरा हो भने सबैभन्दा पहिले हामीले कस्तो समाज निर्माण गर्न खोजिएको हो भन्ने प्रश्नको विश्लेषण गर्नककपर्छ ।

बीपी पनि चाहिने हो र सामाजिक लोकतन्त्र पनि चाहिने हो भने– कहाँसम्म बीपी, कहाँदेखि गगन ?

राज्यको सीमा कहाँसम्म ? बजारको सीमा कहाँसम्म ? सम्पत्ति सिर्जना कसले गर्ने ? पुनर्वितरण कसरी गर्ने ? शिक्षा र स्वास्थ्यमा राज्य र निजी क्षेत्रको सम्बन्ध कस्तो हुने ? सामाजिक सुरक्षाको दायरा कति हुने ? उद्यमशीलता र निजी लगानीलाई कसरी प्रोत्साहन गर्ने ? सार्वजनिक सेवाको जिम्मेवारी राज्यले कसरी वहन गर्ने ?

यी प्रश्न मूलतः विचार, सिद्धान्त र कार्यक्रमसँग सम्बन्धित छन् । यी प्रश्नको स्पष्ट जवाफ नयाँ कांग्रेसले दिनुपर्छ । केवल नयाँ अनुहारले होइन ।

मलाई गगन थापाको दस्तावेजबारे चासो यही कारणले छ । उनले कांग्रेसलाई कुन वैचारिक दिशामा लैजान खोजेका छन् ? बीपीको समाजवादलाई आजको सन्दर्भमा कसरी पुनर्व्याख्या गर्नुहुन्छ ? सामाजिक लोकतन्त्र र लोकतान्त्रिक समाजवादबीच उनको वास्तविक राजनीतिक तथा आर्थिक भिन्नता के हो ? राज्य, बजार, निजी क्षेत्र, सामाजिक सुरक्षा र सार्वजनिक सेवाबीचको सम्बन्धबारे उनको स्पष्टता कति छ ?

गगनजीका लोकप्रिय अभिव्यक्ति र डा. गोविन्द केसीको आन्दोलनसँग जोडिएका उनका सार्वजनिक अडानहरु पनि म सम्झिरहेकी छु । ती अडान र अहिले उनले अघि सारेको वैचारिक दिशाबीचको सम्बन्ध के हो ? नयाँ कांग्रेसको आर्थिक तथा सामाजिक कार्यक्रमले त्यसलाई कसरी समेट्छ ? यसको जवाफ दस्ताबेज र नीतिबाट आउनुपर्छ ।

नयाँ नेतृत्व आयो, राम्रो भयो । तर के नयाँ राजनीतिक संस्कार पनि आयो भन्ने प्रश्नको उत्तर 'हो' भन्यो भने त्यसको प्रमाण उमेरमा मात्र होइन, विचारमा देखिनुपर्छ । नारामा होइन, नीतिमा देखिनुपर्छ । व्यक्तिमा होइन, संस्थामा देखिनुपर्छ । किनकि अन्ततः देशलाई चाहिएको नयाँ उमेर मात्र होइन ।

बदलिएको चेहरा पर्याप्त छैन । बदलिएको चिन्तन देखिनुपर्छ । नयाँ नेतृत्व पर्याप्त छैन । नयाँ राजनीतिक संस्कार देखिनुपर्छ । र, नयाँ पुस्ता पर्याप्त छैन । नयाँ राजनीतिक दिशा देखिनुपर्छ ।जुन पुस्ताले लोकतन्त्रका लागि संघर्ष गर्‍यो, जेल गयो, निर्वासन भोग्यो, प्रतिबन्ध झेल्यो, आन्दोलन गर्‍यो र एउटा राजनीतिक प्रणाली निर्माण गर्न आफ्नो जीवनको ठूलो हिस्सा खर्च गर्‍यो, त्यो पुस्ता आजका सबै समस्याको एकमात्र कारण हो भन्ने भाष्य निर्माण भएको छ । उमेर र अनुभवलाई घृणाको विषय बनाइएको छ । त्यसो हो भने इतिहासबाट हामीले के सिकेको हुन्छ ?

उमेर बढ्नु अपराध होइन । इतिहास हुनु कमजोरी होइन । अनुभव हुनु अयोग्यता होइन । मलाई पुस्ता वा उमेरलाई मात्र राजनीतिक एजेन्डा बनाउने प्रवृत्तिप्रति यही कारणले डर लाग्थ्यो । नयाँ पुस्ता आउनुपर्छ ? अवश्य आउनुपर्छ । तर नयाँ पुस्ताको आगमनको अर्थ पुरानो पुस्ताको अपमान र घृणा हुनु राम्रो लोकतान्त्रिक संस्कार होइन ।

यहाँ गगन थापाको राजनीतिक क्षमता अस्वीकार गर्नककपर्ने कुनै कारण छैन । समयको आवाज चाँडो सुन्ने, त्यसलाई प्रभावशाली भाषामा अपिल गर्ने र नयाँ पुस्ताको मनोविज्ञान समात्ने उनको खुबी लोभलाग्दो छ । नेपाली कांग्रेस आफ्नो परम्परागत घेराबाट बाहिर निस्कन हिचकिचाइरहेका बेला उनले परिवर्तनको भाषा बोले, गणतन्त्रको पक्षमा उभिए र आफ्नै नेतृत्वलाई चुनौती दिँदै प्रश्न गरे । त्यसैले उनी धेरै कांग्रेसजनभन्दा फरक देखिए ।

उनको एउटा बलियो राजनीतिक गुण छ– समाजको बदलिँदो मनोविज्ञान उनी चाँडै पढ्छन् । समयको भाषा पढ्ने, बुझ्ने र बोल्ने नेता हुन् । र त, आज उनलाई सोध्नुपर्ने मूल प्रश्न यही हो– उनले समयलाई दिशा दिए कि समयले उठाएका एजेन्डा अरूभन्दा चाँडो समाते ?

जब देशमा गणतन्त्रको लहर उठ्यो, उनी त्यहाँ देखिए । संघीयता र समावेशिताको बहस बलियो भयो, त्यहाँ पनि अगाडि रहे । पछि सुशासन, डेलिभरी, शिक्षा, स्वास्थ्य, उद्यमशीलता र परिणाममुखी राज्यको माग बढ्यो, उनको राजनीतिक भाषा पनि त्यतैतिर विस्तार भयो । यही क्षमताले उनलाई लोकप्रिय बनायो ।

तर अब उनको अगाडिको चुनौती फरक छ । समयले उठाएका एजेन्डा चाँडो समात्नु र ती एजेन्डालाई संस्थागत नीति, कार्यक्रम र परिणाममा रूपान्तरण गर्नकक एउटै कुरा होइन । लोकप्रिय भाषालाई दीर्घकालीन राजनीतिक दर्शनमा बदल्नु, नारालाई नीतिमा बदल्नु र व्यक्तिको लोकप्रियतालाई संस्थाको शक्तिमा बदल्नु नै अब उनको वास्तविक परीक्षा हो ।

त्यसैले गगन थापाको नेतृत्वलाई म केवल कांग्रेसको नेतृत्व परिवर्तनका रूपमा हेर्न चाहन्नँ । यसलाई नेपाली राजनीतिमा पुस्तान्तरण, राजनीतिक संस्कार र वैचारिक पुनःसंरचनाको एउटा अवसरका रूपमा हेर्न चाहन्छु ।

तर त्यो अवसरको मूल्यांकन अनुहार हेरेर होइन, चिन्तन हेरेर हुनुपर्छ ।

बदलिएको चेहरा पर्याप्त छैन । बदलिएको चिन्तन देखिनुपर्छ । नयाँ नेतृत्व पर्याप्त छैन । नयाँ राजनीतिक संस्कार देखिनुपर्छ । र, नयाँ पुस्ता पर्याप्त छैन । नयाँ राजनीतिक दिशा देखिनुपर्छ । *-कान्तिपुर*



# चीनको प्राथमिकतामा कोरोला नाका

चीनले नेपालसँगको व्यापारका लागि कोरोला नाकालाई प्राथमिकतामा राखेको छ । भौगोलिक विकटता देखाएर रसुवागढी र तातोपानी सञ्चालनमा आनाकानी गरिरहेको चीनले कोरोलालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्ने भन्दै नेपालस्थित राजदूत चाङ माओमिङको नेतृत्वको पाँच सदस्यीय टोलीलाई स्थलगत निरीक्षणका लागि खटाएको थियो । कोरोला नाका निरीक्षण गरेर राजदूत चाङ सोमबार फर्किएका छन् ।

कोरोलालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्न नेपालले नै प्रस्ताव गरेको हो । तर, रसुवागढी र तातोपानी सञ्चालनलाई थाती राखेर चीनले कोरोलालाई प्राथमिकता दिंदा चीनबाट आयात गर्ने वस्तुको लागत महँगो पर्न जाने व्यवसायीले बताएका छन् । राजदूत चाङसहितको चिनियाँ टोलीसँग गएको पाँच सदस्यीय टोली उपल्लो मुस्ताङको लोमान्थाङसम्म पुगेर तीनदिने भ्रमण सकेर सोमबार फर्किएको हो । चिनियाँ टोलीसँग नेपाली प्रतिनिधिमण्डलले समेत निरीक्षण गरेको जिल्ला प्रशासन कार्यालय, मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारीले जानकारी दिए । कोरोला नाका हुँदै लोमान्थाङ आएको चिनियाँ टोली जोमसोमस्थित जिल्ला प्रशासन कार्यालयमा आयोजना गरिएको बैठकमा सहभागी भई पुनः लोमान्थाङ हुँदै कोरोला नाकाबाटै चीन फर्किएको छ ।




चिनियाँ टोलीले मुस्ताङकी प्रमुख जिल्ला अधिकारी अजिता शर्मा, मुस्ताङ भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विदुर चुडाललगायतका सरोकारवालासँग छलफल गरेको थियो । सो छलफलमा कोरोलालाई हाल नेपाल र चीनले आफ्नो वैकल्पिक नाकाका रूपमा प्रयोग गर्दै आएकोमा अब व्यवस्थित गर्ने, नाकामा देखिएका समस्या र चुनौतीको समाधान, आवश्यक पूर्वाधार निर्माण गरी अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास गर्ने, काठमाडौंदेखि नाकासम्म पुग्ने सडक सञ्जाललाई विकास विस्तारसँगै सहज बनाउनेलगायतका विषयमा छलफल भएको मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले जानकारी दिए ।

चिनियाँ टोलीले नाकादेखि सडकको अवस्थाबारे केन्द्रित रहेर जानकारी लिएको उनले बताए । मुस्ताङ भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत चुडालले चिनियाँ टोली नाकासम्म पुग्ने सडक सञ्जालसँगै नाकाको अवस्था र नेपाली पक्षको समस्या के छ भन्नेबारे जानकारी लिएर फर्किएको बताए । 'हाल वैकल्पिक रूपमा मात्रै प्रयोग भइरहेको नाकालाई पूर्ण रूपमा सञ्चालन गर्न के-के गर्न आवश्यक छ ? नेपाली पक्षका समस्या के-के छन् ? चीनले के सहयोग गर्न सक्छ ? भन्नेबारे चिनियाँ पक्षले चासोसँगै आवश्यक जानकारी लिएको छ,' उनले भने । आफूहरूले भवनसँगै आवश्यक भौतिक पूर्वाधार, सडक सञ्जाल र नाका खुल्ने समय बढाउनुपर्नेलगायतका विषय चिनियाँ टोलीलाई जानकारी गराएको उनले बताए । हाल नाका दुईपटक नेपाली समयअनुसार बिहान करिब ८:३० देखि १० :३० र दिउँसो करिब १३:३० देखि १५:३० गरी दैनिक करिब चार घण्टा मात्र खुल्दै आएकाले समय बढाउन माग गरेको चुडालले जानकारी दिए ।

नेपाली पक्षको कुरा सुनेपछि चिनियाँ टोलीले नेपालतर्फको नाकालाई व्यवस्थित बनाउन आवश्यक सहयोग गर्न तयार रहेको बताएर फर्किएको चुडालले जानकारी दिए । चुडालका अनुसार चिनियाँ टोली नाकालाई नेपाल र चीन दुई देशको मात्र नभएर अन्तर्राष्ट्रिय नाकाका रूपमा कसरी विकास गर्ने भन्ने विषयमा केन्द्रित रहेको थियो । हाल चीनतर्फ नाकामा आवश्यक सम्पूर्ण भौतिक पूर्वाधार निर्माण भइसके पनि नेपालतर्फ खाली चौर मात्र छ । आवश्यक पूर्वाधार नभएका कारण नेपालको भन्सार कार्यालय नाकादेखि १३ किलोमिटर नेपालपट्टिको दूरीमा रहेको उनले बताए । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसी न्हर्वु गुरूङले दुई पक्षको भेटलाई महत्वपूर्ण रूपमा लिएको बताए । नाकालाई पूर्ण रूपमा सञ्चालन गर्न सके धेरै फाइदा हुने उनको भनाइ छ ।

# तीन महिनादेखि शून्यतामा रहेको सुदूरपश्चिमको बजेट पुनः अनिश्चित

कैलाली । सुदूरपश्चिम सरकारको बजेट पुनः अनिश्चित बनेको छ । बुधबार बेलुकी ५ बजे प्रदेश सभामा चालू आर्थिक वर्षको बजेट पेस गर्ने सरकारले तयारी गरेको थियो । सरकारकै आग्रहमा सभामुख भीमबहादुर भण्डारीले प्रदेश सभा बैठक आह्वान गरेका थिए । उक्त बैठकमा बजेट प्रस्तुत गर्ने कार्यसूची मंगलबार बसेको कार्यव्यवस्था परामर्श समितिले तय गरेको थियो । तर, आफैँले निर्धारण गरेको समयसम्म सरकार बजेटको तयारीमै व्यस्त थियो । तोकिएको समयमा बजेट ल्याउन नसकेपछि प्रदेश सभा बैठक बिहीबार बिहान ८ बजेका लागि सारिएको छ । बजेट व्यस्तताकै बिच बजेटसँग सम्बन्धित मुद्दामा सर्वोच्च अदालतको आदेश आएपछि थप अन्योल सिर्जना भएको सरकारका एक मन्त्रीले बताए । 'बजेट भागबन्डाको दबाबले तयारी पूरा भएको थिएन, तर राति भए पनि बजेट प्रस्तुत गर्ने भन्ने नै थियो' मुख्यमन्त्री कार्यालय स्रोतले भन्यो, 'त्यहीबिचमा अदालतको आदेश आएपछि थप अन्योल भयो ।'

प्रदेश सभामा गत १ असारमा प्रस्तुत बजेट यथास्थितिमा रहेकाले कानुनी रूपमा दुईपटक बजेट ल्याउन नमिल्ने जिकिरसहित अधिवक्ता मनिराम उपाध्यायले सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश महेश शर्मा पौडेलको एकल इजलासले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा १५ दिनभित्र लिखित जवाफ पेस गर्न बुधबार आदेश दिएको छ । अन्तरिम आदेश मागको सन्दर्भमा भने अदालतले दुवै पक्षलाई आगामी शुक्रबार छलफलका लागि बोलाएको छ ।

सर्वोच्चको आदेशलाई नै आधार मानेर सरकारले भने थप कानुनी परामर्श गर्नुपर्ने भएकाले बुधबार ल्याउने भनिएको बजेट प्रभावित भएको दाबी गरेको छ । सरकारका प्रवक्ता एवं उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावलले सरकारले तोकिएको समयमा नै बजेट ल्याउने गरी सम्पूर्ण तयारी भए पनि अदालतको आदेशले प्रभावित भएको बताए । उनले भने 'प्रदेश सरकारको बजेटको तयारी अन्तिम चरणमा पुगेको थियो, केही ढिला भए पनि बजेट सार्वजनिक गर्ने भन्ने नै थियो तर, सर्वोच्च अदालतले निर्णय सार्वजनिक भएपछि कानुन व्यवसायीसँग परामर्श गर्नुपर्ने भएकाले बजेट प्रभावित हुनपुग्यो, हामी अहिले परामर्शमा नै छौं ।' तर, कानुन व्यवसायीका अनुसार अदालतको आदेशका कारण बजेट रोक्नुपर्ने स्थिति छैन । अन्तरिम आदेशका सन्दर्भमा अदालतले शुक्रबार दुवै पक्षलाई बोलाएकाले त्यसअघि नै अध्यादेशबाट बजेट ल्याउने विषयमा पनि छलफल भइरहेको मुख्यमन्त्री खगराज भट्टको सचिवालयका एक सदस्यले बताए ।

'अदालतको आदेश एउटा कारण होला, तर बजेट भागबन्डालाई लिएर सत्तापक्षमै तीव्र विवाद छ । जसले गर्दा बजेट प्रभावित भइरहेको हो' स्रोतले भन्यो, 'भागबन्डाको विवाद हुन्थेन भने अहिलेसम्म बजेट आएर पारित भइसक्थ्यो ।' आर्थिक मामिला मन्त्रालयले बजेट वक्तव्य, रातो किताब, विनियोजन र आर्थिक विधेयक तयार पारेपछि त्यसलाई सदनमा प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद्ले स्वीकृत गर्नुपर्छ । तर, ५ बजे बजेट ल्याउने समय तय भए पनि त्यसअघि मन्त्रिपरिषद् बैठक नै बस्न सकेको थिएन । सुदूरपश्चिममा करिब तीन महिनादेखि बजेट शून्यतामा छ । बजेट शून्यताका कारण औषधि खरिद गर्न नपाएपछि स्थानीय अस्पतालमा औषधि अभाव देखिन थालेको छ । त्यस्तै, कर्मचारी, प्रदेश सभा र प्रदेश सरकारका पदाधिकारीले साउनदेखि तलब पाएका छैनन् । आर्थिक वर्ष सुरू भएको झन्डै तीन महिनासम्म बजेट आउन नसकेकाले यस वर्ष योजना कार्यान्वयनमा समस्या हुने कर्मचारी बताउँछन् ।

तत्कालीन आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले गत १ असारमा ३७ अर्ब ७० करोडको बजेट प्रदेश सभामा प्रस्तुत गरेका थिए । बजेट पारित नहुँदै सरकार ढलेपछि बजेट पनि अलपत्र परेको थियो । सोही बजेटलाई पुनर्लेखन गरेर प्रदेश सभामा पेस गर्ने सरकारको तयारी थियो । अघिल्लो बजेटमा जस्तै यो बजेटमा पनि प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यलाई सात करोड र समानुपातिकलाई पाँच करोडका योजना समावेश गरी भागबन्डा गरिएको मन्त्रालय स्रोतले जनाएको छ ।

## देउवा...

कोइराला पक्षका केही नेता तथा कार्यकर्ताहरूले १५ औँ महाधिवेशनमा भाग नलिएका हुनाले कांग्रेसका धेरै नेता तथा कार्यकर्ताहरु पार्टीबाहिरै रहेका छन् ।

देउवा सहित गणेशमानका छोरा प्रकाशमानसिंह विपीका छोरा शकांक कोइराला, विपीका भतिजा शेखर कोइराला, कृष्ण प्रसाद सिटौला, महेन्द्रनारायण सिंहका छोरा, विमलेन्द्र निधि, पूर्व गृहमन्त्री रमेश लेखकलगायत दर्जनौं नेताहरु गगन थापाको नेतृत्वको महाधिवेशनमा सहभागि भएनन् भने देउवा पत्नी आरजु देउवा सहितका पूर्व मन्त्रीहरु पूर्व सांसदहरु पार्टीका पूर्व पदाधिकारीहरु लगायत ठुलो जमात पार्टी बाहिरै रहेको भएपनि विशेष महाधिवेशनलाई सभापति देउवाले अस्वीकार गर्दै आफ्नो नेतृत्वको नेपाली कांग्रेसलाई नै मान्यता दिनुपर्ने भन्दै सर्बोच्च अदालतमा मुद्दा दायर गरेका र सो मुद्दा विचाराधिन रहेको हुनाले मुद्दाको टुँगो नलागेसम्म नेपाली कांग्रेस विभाजित अवस्थामै रहने प्राय निश्चित रहेको छ ।

कांग्रेसका पूर्व उपसभापति पूर्ण बहादुर खड्का समेत बाहिरै रहेकाले उनीहरु सबैलाई सम्मान जनक अवस्थामा पार्टीमा ल्याउन सभापति थापालाई फलामको च्युरा चपाउने सरह भएको छ ।

खेलकुद

# रोनाल्डोले खेलाडी र समर्थकसँग मागे माफी



पोर्चुगिज कप्तान क्रिस्टियानो रोनाल्डोले राष्ट्रिय फुटबल टोलीको क्याम्प छाड्नु गल्ती भएको स्विकारेका छन् । प्रशिक्षक जर्ज जेसससँगको विवादका कारण क्याम्प छाडेका रोनाल्डोले सजाय भोग्न तयार रहेको प्रस्ट पारेका छन् । नेसन्स लिगमा पोर्चुगलले रोनाल्डोविना नै तीन खेलमा प्रतिस्पर्धा गरेको थियो । नियमित कप्तानको अनुपस्थितिमा पनि उत्कृष्ट नतिजा निकाल्दै पोर्चुगल क्वार्टरफाइनलमा पुगेको छ ।

रोनाल्डोले एक सातापछि आफ्नो गल्ती स्विकार्दै संघले गर्ने सजाय भोग्न तयार भएको बताए । 'राष्ट्रिय टोलीका साथी र जनतासँग क्याम्प छाडेकोमा माफी मागेको छु,' उनले भने, 'तर, कसैले गरेको वाचा तोडिनु मेरा लागि निकै गम्भीर विषय हो ।' ४१ वर्षीय रोनाल्डोले प्रशिक्षक जेससले आफूसँग गरेको वाचा दुईपटक तोडेको दाबी गरेका छन् । 'प्रशिक्षकले दुईपटक वाचा गरेका थिए । यी दुवै अवसरमा ममाथि धोका भयो,' उनले भने, 'यसकारण पोर्चुगलको प्रशिक्षण क्याम्प छाडेको थिएँ ।'

गत साता नेसन्स लिगअन्तर्गत नर्वेविरूद्धको खेलमा रोनाल्डो बेन्चमै थिए । डेनमार्कविरूद्ध पनि आफू सुरूवाती टोलीमा नपर्ने थाहा पाएपछि राष्ट्रिय टोलीको क्याम्प छाडेको उनको भनाइ छ । रोनाल्डोले सोसल मिडियामा भविष्यमा राष्ट्रिय टोलीबाट पाउने सबै किसिमको जिम्मेवारी वहन गर्न तयार भएको जनाए । 'पोर्चुगलका लागि सधैँ तयारी अवस्थामा छु । आफूलाई दिइएको जिम्मेवारीबाट पछि हट्दिनँ,' उनले भने । उनले पोर्चुगिज फुटबल महासंघले आफूलाई कारबाही गर्नुपर्ने र त्यसमा कुनै छुट दिन नहुने जनाए । 'पोर्चुगिज फुटबल महासंघले यस कार्यको मूल्यांकन गरेर कठोर सजाय दिनुपर्छ । त्यो सजाय कम गरिनुहुँदैन भन्ने विश्वास छ,' उनले भने, 'मैले यसअघि सबैसँग माफी मागिसकेको छु, तर परिणाम के हुन्छ भन्ने थाहा छ ।' पोर्चुगलले अब नोभेम्बरमा डेनमार्क र वेल्ससँग नेसन्स लिगका अन्तिम खेल खेल्नेछ ।

रोनाल्डोका समकक्षी अर्जेन्टिनी कप्तान लियोनल मेसीले बुधबार २१ वर्षको अन्तर्राष्ट्रिय फुटबल करिअरबाट बिदा लिएका छन् । मैत्रीपूर्ण फुटबल प्रतियोगितामा अन्तिमपटक खेल्दै मेसीले सन्न्यास लिए । तर, रोनाल्डोले पोर्चुगलबाट खेलिरहने इच्छा भएको बताए । 'अझै केही समय पोर्चुगलबाट खेल्ने सपना छ । यसकारण तत्काल सन्न्यास घोषणा गर्दिनँ,' उनले भने । दुई महिनाअघि अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलबाट बाहिरिएपछि रोनाल्डोले सन्न्यास लिने अनुमान गरिएको थियो । तर, उनले पोर्चुगिज फुटबल महासंघका अध्यक्ष पेड्रो प्रोएन्सासँगको छलफलपछि सन्न्यासमा पुनर्विचार गरे ।

रोनाल्डोले राष्ट्रिय टोलीको जर्सीमा तत्काल फर्कने इच्छा देखाएका छन् । पछिल्ला तीन खेलमा मैदानबाहिरबाट खेल हेर्दा आफू भावुक बनेको उनको भनाइ छ । 'आफ्नो कारण तीन खेल गुमाएँ । जसकारण मनदेखि नै दुःखी छु,' उनले भने, 'शारीरिक रूपमा फिट छु । व्यावसायिक रूपमा साउदी प्रो लिग खेलिरहेको छु । यसैगरी अन्तर्राष्ट्रिय फुटबल खेलिरहन चाहन्छु, ।' यसअघि महासंघले नै पोर्चुगलको टोलीमा समावेश हुन रोनाल्डोलाई कुनै रोक नहुने जनाएको थियो ।

# अन्तर्राष्ट्रिय फुटबलबाट मेसीको सुखद बिदाइ

अर्जेन्टिनाले कप्तान लियोनल मेसीको सुखद बिदाइ गरेको छ । ब्युनस आयसस्थित मास मोन्युमेन्टल रंगशालामा बुधबार बेनिनविरूद्ध ३-० को सहज जित निकाल्दै अर्जेन्टिनाले मेसीको बिदाइ गरेको हो । मेसीले अन्तिम अन्तर्राष्ट्रिय खेलको ७१औँ मिनेटमा पेनाल्टीमार्फत गोल गरे । उनले अन्तर्राष्ट्रिय फुटबलमा १२६ गोल गरे । गत महिना नै मेसीले राष्ट्रिय टोलीबाट सन्न्यास घोषणा गरेका थिए । तर, अर्जेन्टिनी फुटबल महासंघले मेसीको बिदाइ सामान्य नभएर भव्य बनाउने जनायो ।

यसपछि दक्षिण अफ्रिकी प्रतिद्वन्द्वी बेनिनसँगको मैत्रीपूर्ण खेल आयोजना गरिएको थियो । यस खेललाई 'लास्ट ट्यांगो' नाम दिइएको छ । जसको अर्थ अन्तिमपटक मैदानमा हो । आधिकारिक रूपमा मेसी २०८औँ अन्तर्राष्ट्रिय खेलबाट बिदा भए । खेल समाप्तिसँगै ८५ हजार घरेलु दर्शकसामु मेसी भावुक बने । साथीहरूको साथमा उनले रंगशालाको एक चक्कर लगाएर समर्थकबाट बिदा लिए । खेलका लागि भनेर एडिडासले मेसीको ब्रान्ड लोगोअंकित विशेष जर्सी तयार पारेको थियो । खेल सकिएपछि म्याच रेफ्रीले मेसीलाई रातो र पहेँलो कार्ड हस्तान्तरण गरेर विशेष सम्मान दिएका थिए । यसैगरी रंगशालाबाहिर ठुलो स्क्रिनमा मेसीको खेल यात्रा झल्काउने भिडियो प्रदर्शन गरिएको थियो । प्रतिस्पर्धामा मेसीले दुई असिस्ट गरे । उनले अर्जेन्टिनी समर्थकलाई वर्षौँसम्म साथ दिएकामा धन्यवाद दिंदै राष्ट्रिय टोलीबाट टाढा हुनु 'गहिरो पीडादायी' हुने बताएका छन् ।

सन् २०२२ को विश्वकप जितेपछि मेसीले अर्जेन्टिनाको घरेलु मैदान मोनुमेन्टलमा समर्थकमाझ फर्किएको क्षणलाई आफ्नो करिअरकै सबैभन्दा सुन्दरमध्ये एक मानेका छन् । 'मोनुमेन्टलमा विश्व च्याम्पियन बनेपछि फर्केर खेल्दा मैले आफ्नो करिअरको एउटा उत्कृष्ट क्षण अनुभव गरेँ । त्यो मेरो जीवनमा भएको सबैभन्दा सुन्दर कुरा थियो,' उनले भने । त्यही रंगशालामा राष्ट्रिय टोलीसँग बिदाइ लिँदा भने उनी भावुक बनेका थिए ।

Abhiyan weekly_2083_ashoj_23.indd 6 10/8/2026 3:15:57 PM

कर्पोरेट

## ● एनआइसी एसिया बैंकका ग्राहकलाई होटेल कन्ट्री भिल्लामा १० प्रतिशतसम्म छुट

एनआइसी एसिया बैंकका ग्राहकले काभ्रेको नगरकोटस्थित होटेल कन्ट्री भिल्लामा विभिन्न सेवामा १० प्रतिशतसम्म छुट पाउने भएका छन्।

बैंक र होटेल कन्ट्री भिल्ला प्रालिबिच बैंकका ग्राहकलाई होटेलका विभिन्न सेवामा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको हो। समझदारीपत्रमा बैंकका तर्फबाट ट्रान्जेक्सन बैंकिङ प्रमुख पुजनलाल अमात्य र होटेलका तर्फबाट फाइनान्स हेड सुरेन्द्र होराले हस्ताक्षर गरेका छन्।

समझदारीअनुसार बैंकका ग्राहकले होटेलको आवासीय सेवा तथा खाना र पेय पदार्थमा छुट सुविधा पाउनेछन्। डिलक्स वर्गका विभिन्न कोठाको आवासीय सेवा लिँदा शुक्रबार र शनिबार अर्थात् सप्ताहन्तमा पाँच प्रतिशत छुट उपलब्ध हुनेछ। यस्तै, खाना तथा पेय पदार्थमा १० प्रतिशत छुट पाइनेछ। सप्ताहन्तबाहेक अन्य दिनमा भने आवासीय सेवा तथा खाना र पेय पदार्थ दुवैमा १० प्रतिशत छुट उपलब्ध हुने बैंकले जनाएको छ। उक्त छुट सुविधा लिन ग्राहकले एनआइसी एसिया बैंकको मोबाइल बैंकिङ सेवा (मो.बैंक), डेबिट कार्ड वा क्रेडिट कार्डमार्फत भुक्तानी गर्नुपर्नेछ। बैंकका अनुसार होटेलसँगको सहकार्यले ग्राहकलाई विभिन्न सेवामा छुट उपलब्ध गराउनुका साथै डिजिटल भुक्तानी प्रणालीको प्रवर्द्धन र नगदरहित कारोबारलाई समेत प्रोत्साहन गर्नेछ। बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सूचना अधिकारी जयन्द्रबहादुर रावलले सहकार्यबाट ग्राहकले सुविधा पाउनुका साथै डिजिटल कारोबारलाई थप प्रोत्साहन पुग्ने विश्वास व्यक्त गरेका छन्।

## ● ग्लोबल आइएमई बैंकको डिसिइओमा दीपचन्द्र रेग्मी

ग्लोबल आइएमई बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) दीपचन्द्र रेग्मी नियुक्त भएका छन् । मंगलबार बसेको बैंक सञ्चालक समितिको बैठकको निर्णयानुसार रेग्मीलाई डिसिइओमा बढुवा गरिएको बैंकले जनाएको छ ।

नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत रेग्मी बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए । सन् २००७ मा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालबाट बैंकिङ करिअर सुरू गरेका रेग्मी सन् २००९ देखि ग्लोबल आइएमई बैंकमा आबद्ध छन् ।

उनले बैंकको प्रमुख वित्तीय अधिकृत (सिएफओ), प्रमुख मानव संसाधन अधिकृत (सिएचआरओ), प्रमुख कर्जा अधिकृत (सिएलओ) तथा ट्रेड फाइनान्स प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन् । उनले बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लिमिटेडको सञ्चालक समिति अध्यक्षसमेत रहेर काम गरिसकेका छन् ।

## ● सिटिजन्स क्यापिटल लिमिटेडको वार्षिक साधारणसभा सम्पन्न

सिटिजन्स क्यापिटल लिमिटेडको २०औँ वार्षिक साधारणसभा कम्पनीको रजिस्टर्ड कार्यालय, डिल्लीबजारमा सम्पन्न भएको छ। साधारणसभाले आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट १३ प्रतिशत नगद लाभांश बाँड्ने प्रस्ताव पारित गरेको छ।

साधारणसभाले आ.व. ०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदनसहित २०८३ आषाढ मसान्तको वासलात, नाफा-नोक्सानको हिसाब, नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरु पारित गरेको छ। आ.व. ०८३/८४ का लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण तथा सञ्चालकको नियुक्तिसमेत सभाले अनुमोदन गरेको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सहायक कम्पनीको रूपमा रहेको सिटिजन्स क्यापिटल लिमिटेडले सामूहिक लगानी कोषको व्यवस्थापन, धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, धितोपत्र प्रत्याभूतिकर्ता, सेयर रजिस्ट्रार तथा डिम्याट खातालगायत लगानीकर्तासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न पुँजी बजारसम्बन्धी कार्यहरु सञ्चालन गर्दै आइरहेको छ।

## ● हिम पर्वत हाइड्रोपावरको आइपिओ निष्कासनका लागि अनुमति

सिटिजन्स क्यापिटल लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकमा हिम पर्वत हाइड्रोपावर लिमिटेडले प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेको छ।

कम्पनीले प्रतिसेयर १०० रूपैयाँ अंकित दरका ५९ लाख १५ हजार कित्ता साधारण सेयर निष्कासन गर्नेछ। उक्त सेयरको कुल मूल्य ५९ करोड १५ लाख रूपैयाँबराबर रहेको छ। कम्पनीले आइपिओ निष्कासनका लागि २०८३ असोज २० गते नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेको हो।

पछिल्लो केही महिनायता आइपिओ निष्कासनका लागि अनुमति पाउने पहिलो कम्पनीका रूपमा हिम पर्वत हाइड्रोपावर रहेको छ। यसको निष्कासन तथा बिक्री प्रबन्धकको जिम्मेवारी सिटिजन्स क्यापिटल लिमिटेडले पाएको छ। अनुमतिपछि सिटिजन्स क्यापिटल लिमिटेडमार्फत हिम पर्वत हाइड्रोपावरले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहेका नेपाली नागरिक, सामूहिक लगानी कोष, कम्पनीका कर्मचारी तथा सर्वसाधारणका लागि सेयर निष्कासन गर्नेछ।

## ● प्रधानमन्त्री राहत कोषमा मौज्दात १७ अर्ब नाघ्यो

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार बुधबार राति ८ बजेसम्म कोषका विभिन्न खातामा मौज्दात रकम रू. १७ अर्ब ६ करोड ८० लाख ४१ हजार ४६४ पुगेको छ। कोषअन्तर्गत नौवटा वाणिज्य बैंकमा रहेको मौज्दात रकम रू. १२ अर्ब ५७ करोड २८ लाख ७६ हजार ५२३ रहेको छ। त्यस्तै, हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका अमेरिकी डलर खातामा २ करोड ९१ लाख ९३ हजार १७४ अमेरिकी डलर मौज्दात रहेको छ। सरकारले कोषमा जम्मा भएको रकममध्ये यसअघि रू. १ अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ।

## ● विश्व बैंकले विकास साझेदारसँग समन्वय गर्दै संयुक्त लगानी गर्ने

विश्व बैंक समूहका अध्यक्ष अजय बांगाले अन्य विकास साझेदारसँग समन्वय गर्दै नेपालको प्राथमिकताका क्षेत्रमा संयुक्त लगानी गर्ने बताएका छन् । अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग वासिङ्टन डिसीमा भएको भेटवार्तामा उनले यस्तो जानकारी गराएका हुन् । अध्यक्ष बांगाले एसियाली विकास बैंक (एडिबी) र अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)लगायतका विकास साझेदारसँग समन्वय गरी नेपालको प्राथमिकताका क्षेत्रमा संयुक्त लगानी विस्तार गर्न विश्व बैंकले नयाँ पहल गर्ने बताएका हुन् । भेटघाटका क्रममा अर्थमन्त्री डा. वाग्लेले हालै रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट क्षतिग्रस्त बनेका भौतिक तथा आर्थिक पूर्वाधारको पुनर्निर्माण, बृहत् आर्थिक सुधार र बिमा एवं सामाजिक संरक्षणका लागि करिब एक अर्ब अमेरिकी डलरबराबरको स्रोत परिचालनबारे छलफल गरे ।

## ● झापाको वृद्धाश्रमलाई नेपाल एसबिआई बैंकको सहयोग

नेपाल एसबिआई बैंकले वृद्धाश्रमलाई सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत झापाको बिर्तामोडस्थित परोपकार तथा अनुसन्धान केन्द्र (वृद्धाश्रम)लाई अत्यावश्यक सामग्री सहयोग गरेको हो ।

असहाय, घरबारविहीन र शारीरिक वा मानसिक रूपमा अशक्त व्यक्तिहरूलाई सहयोग पुर्याउने उद्देश्यले अत्यावश्यक सामग्रीहरु प्रदान गरेको हो । कार्यक्रममा बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले आश्रमका अध्यक्ष विष्णु कार्कीलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्य, प्रमुख कर्जा अधिकृत, रोशन कोइराला, कोशी प्रदेश प्रमुख दमयन्ती जोशी र बैंक तथा आश्रमका अन्य पदाधिकारीहरूसमेतको उपस्थिति रहेको थियो । समुदायस्तरमा यस्ता गतिविधि समय-समयमा गर्दै आइरहेको बैंकले जनाएको छ । नेपाल एसबिआई बैंकले सुनसरीको इटहरी उपमहानगरपालिका-१, धरान रोडमा रहेको बैंकको इटहरी शाखा सोही उपमहानगरपालिकाको वडा नम्बर- ९ स्थित विष्ट कम्प्लेक्समा स्थानान्तरण गरेको छ । त्यसैगरी, इलाम नगरपालिका- १ इलाम बजारमा रहेको शाखा, सोही नगरपालिकाको वडा नम्बर- ७ स्थित इलाम बजारमा स्थानान्तरण गरेको छ ।

## ● 'महालक्ष्मी महा सोमबार' योजना सञ्चालन

महालक्ष्मी विकास बैंकले डिजिटल कारोबार प्रवर्द्धन गर्न, नगदरहित बैंकिङ कारोबारलाई बढावा दिन 'महालक्ष्मी महा सोमबार' सञ्चालन गर्ने भएको छ । योजनाअन्तर्गत बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकले हरेक सोमबार अनलाइन सामान खरिद गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् । बैंकका डेबिट कार्ड लिएका ग्राहकले दराजमार्फत न्यूनतम एक हजार नौ सय ९९ बराबरको सामान खरिद गर्दा १० प्रतिशत वा अधिकतम सात सय ५० रूपैयाँ छुट प्राप्त गर्नेछन् । त्यस्तै, क्रेडिट कार्ड लिएका ग्राहकले न्यूनतम एक हजार नौ सय ९९ बराबरको सामान खरिद गर्दा १५ प्रतिशत वा अधिकतम एक हजार रूपैयाँ छुट प्राप्त गर्नेछन् ।

## ● एनसेल ग्राहकलाई आइफोन १८ खरिदमा विशेष बन्डल प्याकेज

एनसेलले नेपालमा एप्पल फोनको आधिकारिक विक्रेता जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँग सहकार्य गर्दै आइफोन १८ प्रो, आइफोन १८ प्रो म्याक्स र आइफोन डुओ खरिद गर्ने ग्राहकलाई विशेष बन्डल प्याकेज दिने भएको छ । योजनाअनुसार आइफोन १८ प्रो र आइफोन १८ प्रो म्याक्सका प्रथम दुई सयजना खरिदकर्ताले यी सुविधा तीन महिनासम्म नि:शुल्क पाउनेछन् । त्यसैगरी, आइफोन डुओका पहिलो एक सयजना खरिदकर्ताले सोही सुविधा ६ महिनासम्म अतिरिक्त शुल्कविना नै उपभोग गर्न पाउनेछन् ।'जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँगको साझेदारीमा आइफोनका नयाँ मोडेल खरिद गर्ने ग्राहकलाई यो विशेष अफर उपलब्ध गराउन पाउँदा हामी हर्सित छौँ,' एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ताले भने ।

# उद्यमी बन्न चाहनेलाई आइडियादेखि फाइनान्सिङसम्मको सहयोग गर्दै नबिल एसएसई

उद्यमशीलता विकासका क्षेत्रमा नबिल एसएसईले पृथक् कार्य गर्दै आएको छ। यसले उद्यमशीलतालाई तालिमका रूपमा मात्र नभई व्यवसाय सुरू गर्न हौसला प्रदान गर्दै त्यसलाई अघि बढाउने समग्र प्रक्रियाको विषयमा पनि व्यावहारिक ज्ञान पुर्याउन सहयोग गर्दै आएको छ।

नबिल एसएसईमा व्यवसाय सुरू गर्न चाहने व्यक्तिलाई व्यवसायको अवधारणा विकास गर्नेदेखि बजार पहिचान, व्यवसाय सञ्चालन, बिक्री तथा बजारीकरण, वित्तीय व्यवस्थापन र लगानी जुटाउनेसम्मका विषयमा व्यावहारिक ज्ञान दिइन्छ। कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष सफल उद्यमी तथा विज्ञबाट प्रत्यक्ष अभिमुखीकरण र मेन्टरसिप पनि हो।




सहभागीलाई व्यवसाय कसरी गर्ने ? भन्ने सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी व्यवसायमा आइपर्ने वास्तविक समस्या कसरी समाधान गर्ने भन्ने विषयमा समेत सिक्ने अवसर दिने नबिल एसएसईले जनाएको छ। व्यवसायको आइडियालाई 'बिजनेस मोडल'मा रूपान्तरण गर्ने, ग्राहक पहिचान गर्ने, उत्पादन तथा सेवाको बजार विस्तार गर्ने र बिक्री बढाउने रणनीतिसम्मलाई कार्यक्रमले समेट्ने गरेको छ।

विशेषगरी नयाँ उद्यमीका लागि पुँजी व्यवस्थापन र वित्तीय पहुँच चुनौतीपूर्ण विषय बन्ने गरेको छ। व्यवसाय सुरू गर्न चाहने व्यक्तिसँग राम्रो आइडिया भए पनि लगानी कहाँबाट जुटाउने, बैंकबाट ऋण कसरी लिने, व्यवसायका लागि आवश्यक वित्तीय योजना कसरी बनाउने भन्ने ज्ञान नहुन सक्छ। नबिल एसएसईले यस्ता विषयमा ज्ञान प्रदान गर्छ।

यसले 'आइडिया-इन्क्युबेसन-मेन्टोरसिप-बिजनेस मोडल-फाइनान्स-मार्केट'लाई एउटै प्रक्रियामा जोडेको छ। व्यवसाय सुरू गरिसकेका व्यक्तिले समेत कार्यक्रममा सहभागी भएर आफ्नो व्यावसायिक मोडल, उत्पादन वा बजार रणनीति पुनरवलोकन गर्ने गरेका छन्। नबिल एसएसईका सहभागी राजविक्रम महर्जनको अनुभवले पनि यसको व्यावहारिक पक्ष देखाउँछ। इन्जिनियरिङ पृष्ठभूमिका महर्जनलाई उद्यमशीलतामा प्रवेश गर्दा धेरै नयाँ चुनौती थिए। तर, त्यो चुनौती तथा समस्या समाधान गर्न नबिल एसएसई कार्यक्रमले सहयोग गरेको उनले बताए। नबिल एसएसईमार्फत उनले बिजनेस मोडल, डिजाइन थिंकिङ, बिक्री तथा मार्केटिङका प्रविधि सिक्ने अवसर पाए।

'म इन्जिनियर थिएँ। तर, नबिल एसएसईबाट बिजनेस मोडल, डिजाइन थिंकिङको प्रक्रिया, सेल्स र मार्केटिङका विभिन्न टेक्निक्स सिक्ने अवसर भयो,' उनले भने, 'त्यसले गर्दा अहिले हामी एयर लिफ्ट र गल्ली म्याप सफलताका साथ सञ्चालन गर्दै आएका छौं।' महर्जनको अनुभवले नबिल एसएसईको उद्देश्य केवल 'तालिम लिएर प्रमाणपत्र प्राप्त गर्ने'भन्दा फरक रहेको देखाउँछ। कार्यक्रममा सिकेका विषयलाई आफ्नो व्यावसायिक यात्रामा प्रयोग गर्ने र आवश्यकताअनुसार व्यावसायिक मोडलमै परिवर्तन गर्ने अवसर सहभागीले पाउने गरेका छन्।

नयाँ व्यवसाय सुरू गर्ने सोचमा रहेका व्यक्ति मात्र नभई व्यवसाय सञ्चालन गरिरहेका, तर त्यसलाई थप व्यवस्थित, प्रतिस्पर्धी र विस्तारयोग्य बनाउन चाहने उद्यमीका लागि पनि कार्यक्रम उपयोगी छ। उद्यमीलाई व्यवसायको सम्भावना र चुनौती पहिचान गर्न, सही निर्णय लिन र आवश्यक नेटवर्क तथा मेन्टरसँग जोडिन कार्यक्रमले सहयोग गर्ने गरेको छ। नबिल एसएसईले व्यावसायिक यात्राका विभिन्न चरणमा आवश्यक पर्ने ज्ञान, सिप, मेन्टरसिप र नेटवर्कलाई एउटै प्लाटफर्ममा जोडिएको छ।

नबिल एसएसई फेलोसिप कार्यक्रमको सातौँ समूह र नबिल एसएसई सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन पनि माग भइसकेको छ । ३० भदौमा खुला भएको आवेदनको अन्तिम म्याद २६ असोजसम्म छ । १८ वर्ष उमेर पुगेका र नवीन उद्यमशील सोच भएका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

## स्टाटसमा...

प्रधानमन्त्रीको रूपमा अघि सारेकै कारण जनताले रास्वपाका उम्मेदवार नै नदेखेपनि रास्वपालाई मतदान गरेका थिए । भाद्र २३ गतेको घटनामा गोली लागेर काठमाडौमा १९ र इटहरीमा २ जनाको निधन भएको थियो । त्यही विषयले गर्दा तत्कालिन केपी ओली नेतृत्वको कांग्रेस एमालेसहितको ओली नेतृत्वको सरकार ढलेको थियो । त्यही विषयलाई रास्वपाले निर्वाचन जित्ने हतियारका रूपमा प्रयोग गरेर निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको सत्य हो ।

रास्वपाले बालेन साह नेतृत्वको सरकार २०८२ चैत्र १३ गते गठन गऱ्यो भने सोही दिनको मन्त्रिपरिषद्को पहिलो बैठकबाट निर्णय गरेर पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेपश्चात् उनीहरु दुवै मध्यरातमा पक्राउ परे । त्यही दिनबाट रास्वपा नेतृत्वको बालेन सरकार प्रतिशोधका राजनीतिमा उत्रिएकोमा हालसम्म पनि सो क्रम जारी रहेको छ । ओली, लेखकलाई पक्राउ गर्नुको कारण अदालतलाई दिन नसकेको हुनाले उनीहरु १३ दिनपछि अदालतको आदेशमा रिहा भएका थिए । यसरी बालेन सरकारले सरकार गठन गरेकै दिनदेखि पूराना भनिएका दलका नेता तथा कार्यकर्ताहरूमाथि प्रतिशोधको राजनीति सुरू गरेकोमा अहिलेसम सो क्रम जारी रहेको छ ।

पछिल्लो समयमा सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई समेत मध्यरातमा राणाको निजी निवासबाटै प्रहरी हिरासतमा पुऱ्याइयो । उनलाई भनियो जेनजीहरूबाट तपाईलाई थ्रेट छ भनेर तर को जेनजीहरूको थ्रेट छ भनेर भनिएन अनि थ्रेट दिनेलाई होइन थ्रेट पाउनेलाई पक्राउ गरियो भने १२ घण्टापछि रिहा गरियो आखिरी किन त ? यसको जवाफ बालेन सरकारले जनतालाई दिनुपर्ने कि नपर्ने ? यस विषयमा रास्वपा नेतृत्व भने मौन रहनुको रहस्य के हुन सक्छ ? अहिलेको रहस्य भनेको यहि हो ।

जेनजीहरूले गरेको विरोध प्रदर्शनको फाइदा रास्वपा र बालेन सरकारले उठाइरहेका भएपनि अहिलेसम धेरै जेनजीहरु आन्दोलनको क्रममा संलग्न भएकै कारण जेलमा रहेका छन् भने प्रधानमन्त्री बालेन भने मध्यरातमा पुराना भनिएका दलका शिर्ष नेता तथा कार्यकर्ताहरूलाई गाली गलौज गर्दै स्टाटस लेख्नैमा व्यस्त रहेका छन् । हुँदाहुँदा बालेनले खुल्लामञ्च पनि मैले बनाईदिएको हुनाले कांग्रेसले त्यसको उपयोग गर्न पाएको छ भनेर कांग्रेसको १५ महाधिवेशनको उद्घाटनलाई व्यँग्य गरेका छन् ।

अब कुनै दिन प्रधानमन्त्री बालेनले नेपाल भन्ने देशपनि मैले नै बनाईदिएको हुँ भनेर स्टाटस लेख्ने भनेपनि आश्चर्य नमान्ने हुन्छ । बालेन सरकारको आलोचना बढ्दै गएपछि सरकार निजी क्षेत्रका सञ्चारमाध्यमलाई आर्थिक संकटमा पर्ने उदेश्यले निजी क्षेत्रका सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय गरेर आर्थिक नाकाबन्दी लगाएको छ । सरकारको सो निर्णयलाई सर्बोच्च अदालतले खारेज गरेपनि अहिलेसम्म सरकार सो विषयका बारेमा मौन रहेको र २०१६ सालदेखि पत्रपत्रिकाहरूलाई दिँदै आएको लोककल्याणकारी विज्ञापन बन्द गराउने पक्षमा उभिएको छ ।

पञ्चायती कालमा समेत पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन दिँदै आएकोमा आफ्नो नेतृत्वको सरकारका काम कारबाहीका बारेमा पत्रपत्रिका र विद्युतीय सञ्चार माध्यमहरूले विरोध गरे भनेर आर्थिक नाकाबन्दी लगाउने प्रयास गर्नु लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाउनु बोहक अन्य केही हुन सक्दैन ।

पुराना भनिएका दलहरूले सरकारमा रहँदा केही गरेनन् भन्ने भाष्य निर्माण गरेर जनतालाई भ्रममा राख्ने प्रयास सरकारले गरेको भएपनि सरकारी तथ्याकहरूले भने त्यसलाई खारेज गरेको छ । राष्ट्रिय योजना आयोगका प्रतिवेदनहरूले नै बालेन सरकारको भाष्यलाई खारेज गरेको भएपनि जनतालाई झुक्याएर आफ्नो स्वार्थनुसार जनतलाई ढाँटिरहेको तथ्याँकहरूले नै प्रष्ट पारेको छ ।

गलत भाष्य प्रयोग गरेर जनतालाई केही समयसम्म भ्रममा पार्न सकिने भएपनि त्यो दिगो हुन सक्दैन । रास्वपाले निर्वाचनका बेला १०० बुँदे घोषणपत्र जारी गरेको थियो । १०० दिन भित्र यी काम गरिसक्ने भन्ने वाक्य त्यहाँ राखिएको थियो तर ती सबै बुँदाहरु कार्यान्वयनमा गएका छैनन् भने बालेन सरकारले आफ्नो असक्षमतालाई ढाकछोप गर्न पुराना दलका कर्मचारीहरु भएको र कर्मचारीहरूले सहयोग नगरेको भन्दै संविधानले दिएका अधिकारहरु समेत कटौती गर्ने प्रयास गरिरहेकाले गर्दा लोकतन्त्रकै खिल्ली उडाउने काममा सरकार किन लागि परेको छ त्यसको रहस्य खुल्दै जाने निश्चित जस्तै भएको छ । गलत भाष्य प्रयोग गरेर केही समयसम्म जनतालाई ढाँट्न सकिन्छ तर जनताले त्यसको रहस्य थाहा पाएपछि बालेन सरकारको अवस्था कस्तो होला अहिलेको प्रश्न भनेको यहि हो ।

## बालेन...

हौँसल गरेको छ । त्यही कारणले गर्दा रास्वपा र रास्वपाका वरिष्ठ नेता समेत रहेका प्रधानमन्त्री बालेनले संसदलाई उपेक्षा गरेका छन् भने राष्ट्रिय सभालाई त उनले एक पटक सम्म पनि सम्बोधन सम्म गरेका छैनन् ।

राष्ट्रियसभामा रास्वपाको उपस्थिति नभएकाले गर्दा सरकारले राष्ट्रियसभालाई उपेक्षा गर्दै आएको छ । राष्ट्रियसभामा प्रधानमन्त्री बालेन जम्मा एक पटक मात्र उपस्थित भएर सरकारको नीति तथा कार्यक्रम पेश गरेकोमा राष्ट्रपतिलाई धन्यवाद दिने प्रस्ताव बाचन गर्ने अभ्यास रहेकोमा प्रधानमन्त्रीले भने सो प्रस्ताव पढ्दै पढेनन् । राष्ट्रियसभामा राष्ट्रपतिलाई धन्यवाद दिने प्रस्ताव पारित गर्दासम्म उनी राष्ट्रियसभामा बसेका थिए । त्यसपछि उनी राष्ट्रियसभामा प्रवेश नै गरेनन् ।

मुलुकको प्रधानमन्त्रीले नै भारतले मात्र होइन । नेपालले समेत भारतको जमिन मिचेको छ भन्ने अभिव्यक्ति २०८३ जेष्ठ १७ गते प्रतिनिधिसभामा दिएका थिए । त्यस विषयमा प्रतिनिधिसभा र राष्ट्रियसभामा सांसदहरूले प्रश्न उठाएर त्यसको जवाफ मागेका भएपनि त्यसको जवाफसम्म प्रधानमन्त्री बालेनले दिन चाहेनन् । संसदका बैठकहरु अवरूद्ध हुँदा समेत उनी संसदमा उपस्थित भएर प्रश्नको उत्तर दिनुपर्ने आवश्यकता उनले ठानेनन् ।

यी सबै कारणहरूले गर्दा प्रधानमन्त्री प्रति नै जनताको अविश्वास बढिरहेकोमा नत त्यस विषयमा रास्वपाले जनतालाई जवाफ दिएको छ नत प्रधानमन्त्रीले नै । मन्त्रीहरूले समेत सासदहरूका प्रश्नको जवाफ दिँदा राष्ट्रियसभाले सरकारलाई सहयोग नगरेको आरोप लगाउँदै आएकाले प्रमाणित हुन्छ सरकार संसद र जनताप्रति उत्तरदायी छैन भनेर ।

## गम्भीर...

गम्भीर प्रकृत्तिका फौजदारी कसुरमा संलग्न रहेकाले मुद्दा फिर्ता लिन कानुनी व्यवस्था बाधक रहेको राय सरकारलाई दिएको छ । समितिले असोज १५ गते गृहमन्त्री सुधन गुरूङलाई प्रतिवेदन बुझाईसकेको छ । समितिले अध्ययन गरेका करिब ५३ वटा मुद्दाको भने अदालतले फैसला समेत गरिसकेको अवस्था रहेको छ ।

गृहमन्त्री गुरूङले नै प्रतिशोध साध्नका लागि जेनजी प्रदर्शनमा सहभागि भएकालाई जथाभावी मुद्दा चलाइएकोले हत्यामा संलग्न भएका बाहेक अन्यको मुद्दा फिर्ता लिने गरी प्रतिवेदन तयार पार्नु भनेको सुत्रले दाबी गरेको छ । सरकारको चाहना अधिकांश मुद्दा फिर्ता गर्ने राय समितिले देओस् भन्ने थियो तर कानुनी रूपमा त्यस्तो राय दिन सम्भव नभएको समिमतिकै सुत्रले दाबी गरेको छ ।

समितिले आन्दोलनमा बेला सडकमा आएका प्रदर्शनमा देखिएका र नाराबाजी गरेकै भरमा प्रहरीले अनुसन्धान गरी सरकारी वकिल कार्यालय मार्फत अदालतमा दर्ता भएका मुद्दा फिर्ता लिन सकिने राय सरकारलाई दिएको छ । गृह मन्त्रालय सुत्रका अनुसार संसद भवन, सर्बोच्च अदातल, सिंहदरबार लगायत महत्वपूर्ण संरचनाहरूमा तोडफोड गर्ने आगजनी गर्नेहरूका मुद्दा फिर्ता लिन नसकिने राय सरकारलाई दिएको छ ।

व्यक्तिगत सम्पत्तिमा लुटपाट गर्ने आगजनी गर्ने कार्यमा संलगन भएकाहरूको मुद्दा फिर्ता लिन सम्बन्धित धनीलाई क्षतिपूर्ति दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । त्यस्तो क्षतिपूर्ति सरकारले दिन सक्ने सम्भावना न्यून रहेको देखिन्छ । कतिपय मुद्दा फिर्ता लिन सरकारको पहल आवश्यक देखिन्छ । त्यससम्बन्धी मुद्दा फिर्ता लिन जाहेरवाला वा पिडित पक्षको सहमति लिनुपर्ने राय समितिले दिएको छ ।

कतिपय मुद्दामा जाहेरवालासँग समितिले कुराकानी समेत गरेको समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ । छानविन समितिमा पूर्व नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरे र नेपाल प्रहरीका अवकाश प्राप्त प्रहरी नायव महानिरीक्षक (डिआइजी) पोषराज पोखरेल सदस्य रहेका थिए ।

## सरकार...

फिर्ता लिन सरकारलाई सिफारिस गर्ने भनिएको थियो । सुशिला कार्की नेतृत्वको जेनजीहरूहरूसँग गरेको १० बुँदे सम्झौतलाई कार्यान्वयन गर्न रास्वपा नेतृत्वका बालेन सरकारलाई संकट परेको छ । सो घटनाको छानविन गर्न गठन गरिएको उच्च अदालतका पूर्वन्यायाधिश बाबुराम रेग्मी नेतृत्वको समितिले भने मुलुककी फौजदारी कार्यविधि सहिता र सरकारी मुद्दा फिर्ता लिने सम्बन्धी कार्यविधि २०७७ को पालना गर्न सरकारलाई सुझाव दिएको छ ।

रेग्मी समितिमा पूर्व नायब महान्यायाधिवक्ता चेतनाथ घिमिरे र पूर्व प्रहरी नायव महानिरीक्षक (डिआइजी) पोषराज पोखरेल सदस्य रहेका थिए । रेग्मी नेतृत्वको समितिले भने गम्भीर फौदारी केशमा संलग्न भएकाहरूको मुद्दा फिर्ता लिन नसकिने राय सरकारलाई दिएको छ ।

यसरी सुशिला कार्की र जेनजीहरूबीचमा भएको १० बुँदे सहमति नै अहिले सरकारको लागि घाँडो सावित भएको छ । गम्भीर प्रकृत्तिका मुद्दा जथाभावी फिर्ता लिने निर्णय भएमा त्यसले मुलुक र समाजलाई नै संकटमा पार्ने र कानुनी शासनको खिल्ली उडाउने कार्य हुने भएकाले गम्भीर अपराधमा संलग्न भएका व्यक्तिहरूको मुद्दा फिर्ता लिनु अर्को अपराध हुन सक्छ ।

कानुन सबैको लागि बराबरी भन्ने सिद्धान्तलाई सरकारले समेत पालना गर्नुपर्दछ । राजनीतिक स्वार्थको लागि गम्भीर अपराधमा संलग्न भएकाहरूको मुद्दा फिर्ता लिँदा त्यसबाट उत्पन्न हुन सक्ने समस्याको जिम्मेवारी सरकारले नै लिनुपर्दछ । दोषी हुन वा होइन भने छुटाउनु अधिकार अदालतको भएकाले अदालतलाई नै निर्णय गर्न दिनुपर्दछ । सरकार आफैँ अदालत हुन खोज्नु भनेको अर्को गम्भीर अपराध हो ।

## लोकतन्त्र नै...

गर्दा कांग्रेस विभाजनको डिलमा पुगेको छ ।

लोकतान्त्रिक व्यवस्थामा पार्टी विभाजित हुनु भनेको लोकतन्त्र नै कमजोर अवस्थामा पुग्ने हो । त्यसमा पनि २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनलाई देखाएर २०८२ भाद्र २४ गते भएको विध्वसात्मक कार्यले गर्दा अर्बौं अर्बको सम्पत्ति नष्ट भएको छ । भाद्र २३ र २४ लाई देखाएर निर्वाचित सरकारलाई बर्खास्त मात्र गरिएन संसद नै विघटन गरी संविधान विपरित सुशिला कार्की नेतृत्वको सरकार गठन गरियो । त्यही सरकारले २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचत गराएकोमा रास्वपाले झण्डै दुई तिहाई मत पाएकोले रास्वपाकै वरिष्ठ नेता बालेन साहको नेतृत्वमा सरकार गठन भएको छ महिना पूरा भएको छ ।

तर सरकारले जनताको आकांक्षाअनुसार काम गर्न सकेको छैन भने प्रधानमन्त्री बालेनले त संसदलाई समेत उपेक्षा गर्दै लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाएका हुनाले लोकतान्त्रिक व्यवस्था नै धरापमा पर्दै गएको बेला कांग्रेस विभाजनको डिलमा पुग्नु र रास्वपाको सभापतिले लोकतन्त्रलाई जनताले नै बचाउने छ भन्ने अभिव्यक्ति दिएर बालेन सरकारको बचाउ गर्नुले लोकतन्त्रको भविष्यमाथि नै कालो बादल मडारिएको जस्तो देखिन्छ । कांग्रेसका अनुभवी नेताहरु नै १५ महाधिवेशनमा सहभागि नभएका हुनाले पनि लोकतन्त्रको भविष्य नै संकटमा पर्ने हो कि भन्ने भय जनतामा रहेको प्रष्ट रूपमै देखिएको छ ।

## आफै पक्राउ..

प्रतिशोधको राजनीति सुरू गरिएको थियो । सो क्रम विपक्षीहरूमाथि अहिलेसम्म जारी रहेको छ । भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शनलाई रास्वपाका केही नेता र हालका प्रधानमन्त्री तत्कालिन काठमाडौ महानगरका मेयर समेत रहेका बोलन साह र हालका गृहमन्त्री सुधन गुरूङहरूले नै हाइज्याक गरेका आरोप उनीहरूमाथि लाग्दै आएकोमा त्यसको अनुसन्धानसम्म गर्न प्रधानमन्त्री बालेनले चाहिरहेका छैनन् ।

भाद्र २३ र २४ गतेको घटना अलग अलग हुन् । ती दुवै घटनामा रास्वपाका धेरै नेता तथा कार्यकर्ताहरूका सहभागिता भएको र रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी सम्बन्धमा अदालतको आदेशनुसार पुर्पक्षका लाग जेलमा रहेकोमा उनलाई जेलमुक्त गरिएको थियो भाद्र २३ गते नै । त्यही भाद्र २३ र २४ गतेको घटनलाई देखाएर रास्वपाले बालेन सुधन लगायत धेरै व्यक्तिलाई आफ्नो पार्टीमा प्रवेश गराएर निर्वाचनमा टिकट दिएको थियो ।

२०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा उनीहरु प्रायः सबैले निर्वाचन जितेपछि उनीहरु नै अहिले प्रधानमन्त्री र मन्त्री रहेका भएपनि किन भाद्र २३ र २४ गते घटनामा अनुसन्धान हुन सकेन त अब त्यसको जवाफ रास्वपा र बालेन सरकारले जनतालाई दिनुपर्दछ । केतै आफूँहरु नै दोषी ठहरिने डरले हो कि भन्ने प्रश्न समेत उठ्न थालेको हुनाले त्यो प्रश्नको टुँगो लगाउनु पनि भाद्र २३ र २४ गतेको घटनाको सत्यतथ्य बाहिर ल्याएर घटनामा संलग्न भएकाहरूमाथि कारबाही हुनै पर्दछ भन्ने जनताको आवाज अहिले बुलन्द हुँदै गएको छ के सरकार तयार होला ?

## निजी...

भएको छ। साल्ट ट्रेडिङ कर्पोरेशनले खाना पकाउने ग्यास वितरणलगायत अत्यावश्यक वस्तु उपभोक्तालाई सहजै वितरण गरिरहेकोमा त्यसैलाई बदनाम र धरासयी बनाउने गरी मन्त्रालयले पहल चालेको यो सकारात्मक कदम होइन।'

अनुगमन टोलीले पनि मन्त्रालयमा अनेकथरी उजुरी आएपछि मन्त्रालयकै आदेशमा साल्ट ट्रेडिङमा अनुगमन गरिएको जनाएको छ।

करिब ४ महिनादेखि बजारमा ग्यासको चरम अभाव भएका बेला साल्ट ट्रेडिङ कर्पोरेशनले सिमित कोटाका बावजुद पनि उपभोक्तालाई कुपनका आधारमा बोलाएरै ग्यास उपलब्ध गराउँदै आएको थियो।

बजारमा कृष्णभिरको पहिरो र बाढीपहिरो देखाएर १४० देखि १६५ सम्म पुर्याइएको चिनी साल्ट ट्रेडिङले १०० रूपैयाँमा उपलब्ध गराएर राजधानीमा सिर्जना गरिएको कृतिम अभाव र मुल्यवृद्धि नियन्त्रणमा ठूलो भूमिका खेलेको उपभोक्ता अधिकारवादीहरूको भनाइ छ।

तर त्यसैको 'पुरस्कार स्वरूप' सरकारले आफूहरूलाई ३ लाख जरिवानाको पत्र थमाएको साल्ट ट्रेडिङ कर्पोरेशनका एक अधिकारीले बताए। उनका अनुसार अनुगमनको नियतमै खोट देखिएको अनुगमन शैलीले देखाएको छ।

'अनुगमनका क्रममा त्रुटी देखिएमा ठाउँको ठाउँ जरिमाना गर्नुपर्ने हो', तीं अधिकारीले भने, '१३ र १४ गते अनुगमन गरिएको र १५ गते जरिमानाको पत्र काटिएको छ। त्यो पनि मिति सच्याइएको छ यसले गर्दा अनुगमन टोलीको नियत के हो ?'

अहिले पनि व्यवसायीले ग्यासको सहज आपूर्ति गरिरहेका छैनन्। उपभोक्ताहरु लाइनमै छन्। कालोबजारी र मुल्यवृद्धि कायम छ। त्यता भने मन्त्रालयको ध्यान गएको देखिँदैन तर यसै समयमा साल्ट ट्रेडिङमा अनुगमन गरिनु र जरिवाना गरिनु निजी व्यवसायीको स्वार्थ र प्रभावबाट प्रेरित भएको जानकारहरु बताउँदै आएका छन् ।

निजी व्यवसायीहरूको स्वार्थअनुकूल नभएकै कारण मन्त्री पद गयो, नयाँ मन्त्री आउनु र नयाँ मन्त्रीले निजी व्यवसायीको बदमासी नियन्त्रणभन्दा सरकारी संस्थानमै अनुगमन गराउनुले निजी व्यवसायीकै स्वार्थ र प्रभावमा परेर अनुगमन गराइएको जानकारहरूको दाबी छ।

साल्ट ट्रेडिङ कर्पोरेशनले दसैं-तिहार र छठ लक्षित गर्दै २ अर्बभन्दा माथिको चिनी आयात गरिसकेको छ। जुन चिनी कार्यालय लाग्ने असोजको १० दिन र कार्तिकको १२ दिन अर्थात २२ दिनमै बेचिसक्नुपर्ने हुन्छ।

साल्ट ट्रेडिङले त्यति ठुलो मात्रामा चिनी बजारमा पठाइहालेमा चिनी मिल र चिनी व्यवसायीले लुकाएर महंगोमा बेचिराखेको चिनी बढी मुल्यमा बेच्न नसकिने र मंसिरदेखि नयाँ चिनी उत्पादन भइहाल्ने र त्यसपछि झन सस्तोमा बेच्नुपर्ने भएकाले निजी व्यवसायीहरूकै दबावमा अनुगमनका नाममा सरकरी सँस्थानलाई नै बदनाम बनाउने कार्य भएको जिकिर सम्बन्धित पीडित पक्षको छ।

अनुगमनका लागि मन्त्रालयका उपसचिव विनोद उपाध्यायसहितको टोलीमा वाणिज्य विभागका अधिकृत दुर्गादत्त भट्ट, विभागकै अधिकृत रामचन्द्र ढकाल र करणसिंह धामीलगायत एक जना चार्टर्ड एकाउन्टेन्ट भन्दै परिचित गराइएका व्यक्ति बाहिरबाट सहभागि गराइएको र उनीहरूको कुनै आधिकारिकता नखुलाइएको साल्ट ट्रेडिङ कर्पोरेशनका अधिकारीहरूको भनाइ रहेको छ।

'मन्त्रालय र विभागका उपसचिवहरूसहित अधिकृतको टोलीमा बाहिरबाट चार्टर एकाउन्टेन्ट सामेल गर्नुले या त सरकारी अनुगमन टोलीको विज्ञता र क्षमतामाथि प्रश्न उठाउँछ या त नियतमाथि नै शंका उत्पन्न भएको कर्पोरेशनका एक अधिकारीले बताएका छन् ।

त्यसमाथि अनुगमन टोली १३ गतेदेखि १४ गते अनुगमन गरेर पटकपटक फर्किनु र १५ गते साँझ जरिवाना तोक्नु कैफियतपूर्ण भएको जानकारहरूको भनाइ छ। २ दिन फर्केको अनुगमन टोलीले तेस्रो दिन साँझ जरिवाना काट्नु आफैंमा शंकाको विषय भएको साल्ट ट्रेडिङका कर्मचारीहरु नै बताउँछन्।

'फर्किँदा अनुगमन टोलीले संस्थानले उपभोक्ताका लागि राम्रो काम गरेको भनेरै फर्किएका थियो। अझै राम्रो गर्नुस पनि भने। तर उपहार स्वरूप ३ लाख जरिमानाको पत्र थमाइयो', एक अधिकारीले भने।

संस्थानमा विभागीय मन्त्रालयकै सेयर स्वामित्व छ। जसले बजारमा कालोजबारी हुँदा हस्तक्षेप गरिरहेको हुन्छ, त्यही संस्थानमा नयाँ मन्त्री आउनेवित्तिकै अनुगमन र जरिवाना गरिनु निजी क्षेत्रका व्यवसायीको स्वार्थ प्रेरित रहेको र अनुगमन नै शंकास्पद देखिएको उपभोक्तावादीहरूले बताएका छन् ।


# पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।
- पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार